Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ISSN No. : 2717-5049

अभिलेख
ABHILEKHA

वर्ष ३९ २०७८ पूर्णाङ्क ३९

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३९ ❀ २०७८ ❀ पूर्णाङ्क ३९

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
राजु रिमाल
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

देशकै लिखित सम्पदाको संरक्षणार्थ स्थापना भएको राष्ट्रिय अभिलेखालयमा देशकै पुराना ऐतिहासिक सम्पदाहरू रहेका छन् । यस्ता सम्पदाको संरक्षणका लागि यस कार्यालयले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । हाल राष्ट्रिय अभिलेखालयले अभिलेख संरक्षण ऐन २०४६ तथा अभिलेख संरक्षण नियमावली २०६३ को अधिनमा रही देशभित्रका अभिलेखहरूको संकलन, संरक्षण, व्यवस्थापन लगायतका दैनिक कार्यहरू सञ्चालन गर्दै आएको छ ।

अभिलेख संरक्षण तथा संम्बर्द्धनका लागि दैनिक कार्य सञ्चालनका अतिरिक्त राष्ट्रिय अभिलेखालयले विभिन्न प्रदेशहरूमा प्रदेश स्तरिय अभिमुखिकरण कार्यक्रम, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्राप्तिका लागि अन्तर्क्रिया कार्यक्रम, सम्पादन, प्रकाशन, लिप्यन्तर, भाषान्तर, तालिम सञ्चालन जस्ता कार्यहरू समेत गरिरहेको छ यसका साथै अभिलेखहरूको माइक्रोफिल्म, डिजिटाइज्ड गर्ने र डिजिटल गरिएका अभिलेखहरूलाई विभिन्न स्थानमा सुरक्षित भण्डारणका कार्यहरू पनि गर्दै आएको छ । देशका विभिन्न कार्यालयहरूबाट सिर्जना भएका राष्ट्रिय महतत्वका दस्तावेजहरूलाई संकलन र संरक्षण गरी भावी दिनमा एकद्वार प्रणालीबाट अनलाईन सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ ।

देशभर छरिएर रहेका अभिलेखहरूलाई सुरक्षित गर्न, सार्वजनिक कागजात व्यवस्थापन गर्नको लागि नीतिको मस्यौदा तयार गर्ने कार्य भएको छ त्यसैगरी अभिलेख संरक्षण ऐन २०४६ तथा अभिलेख संरक्षण नियमावली २०६३ समेत संशोधनका लागि संघिय संसदमा पेश भैसकेको छ । समग्रमा अभिलेखालयको बृहत्तर विकासमा राष्ट्रिय अभिलेखालय निरन्तर लागि परिरहेको छ ।

राष्ट्रिय अभिलेखालयले विगत लामो समयदेखिनै अभिलेख सम्बद्ध विभिन्न अनुसन्धानमूलक लेखहरू तथा अभिलेखालयका वार्षिक गतिविधिहरूलाई समेटी आफ्नो वार्षिक मुखपत्रका रूपमा अभिलेख पत्रिका प्रकाशन गर्दै आएको छ । हरेक वर्षजस्तै यो वर्षपनि मूलाछेफल्चाको शिलालेख, लिच्छविकालका शिलालेखहरूको वर्तमान अवस्था, भूमि विर्ता सम्बन्धी लालमोहर, ललितपुरको ढल उत्खननमा प्राप्त शिलालेख जस्ता विषयमा लेखिएका लेखहरू यो अंकमा समेटिएका छन् ।

अन्तमा, यस वर्षको अभिलेख पत्रिका प्रकाशनका लागि अनुसन्धानमूलक लेखहरू उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण विद्वान्हरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै अभिलेख पत्रिका प्रकाशनमा खटिनुभएका कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । अभिलेख पत्रिकाका पाठकहरूले यस अंकमा देखिएका त्रुटिहरू औंल्याई हामीलाई मार्गनिर्देशन गर्नुहुनेछ भन्ने आशा लिएको छु । आगामी वर्षहरूमा समेत यस्तै किसिमका सहयोगको अपेक्षा गर्दछु ।

सौभाग्य प्रधानाङ्ग
महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ०१- ४२००८५६, ४२००८४५, ४२००८४६ Website : narchives.gov.np E-mail: mail@narchives.gov.np
प्रकाशन मिति	:	वि. सं. २०७८
प्रकाशित प्रति	:	५००
मूल्य रु.	:	१००/-
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
इतिहासका कुरा मूलाछैँफल्चाको शिलालेख	- प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ	१
ग्रहण सम्बन्धी हिन्दू विश्वास र ग्रहणमा दिइएका भूमि विर्ता सम्बन्धी ऐतिहासिक लालमोहरहरू	- सह प्रा. डा.महेश कुमार आचार्य	६
मन्थलीका घिमिरेहरूको लालमोहोर	- सह प्रा. डा. भूपहरि पौडेल	२१
लिच्छवि अभिलेखको वर्तमान अवस्था	- प्रकाश दर्नाल	६४
हालै प्राप्त पाटन भीमसेन मन्दिर निकटको लिच्छविकालका अभिलेख	- श्याम सुन्दर राजवंशी	७६
राणाशासनकालमा भएका शिलापत्र सम्बन्धीकार्य	- रमेशजङ्ग सिजापति	९३
कौसी तोषाखानाबाट प्राप्त लालमोहर		९७
आर्थिक वर्ष २०७७/०७८ को वार्षिक गतिविधि		१२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इतिहासका कुरा मूलाछेँफल्चाको शिलालेख

– प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

भक्तपुर भोलाछेँटोलको चौबाटोमध्येको पश्चिमतिर लाग्ने मूलबाटोको दक्षिणमा उत्तराभिमुख पाटी छ । सो पाटी 'मूलाछेँ फल्चा' नामले स्थानीय लोकजीवनमा चर्चित रहिआएको छ (चित्र संख्या १) । भक्तपुर नगरपालिकाद्वारा हालै सो फल्चाको जीर्णोद्धार भएको छ ।



(चित्र संख्या १) : मूलाछेँ फल्चा ।

सो पाटीको भित्तामा एक शिलालेख (१५X२२ से.मि.) छ । लिपि : नेपाललिपि । भाषा : नेपालभाषा । मूलपाठ यस प्रकार रहेको छ (चित्र संख्या २) :



चित्र संख्या २ : मुलाछेफल्चाको शिलालेख ।

मूलपाठ

१. ॐस्वस्ति : ।। श्रीनारायणाय नमः ।।
२. यंछेटोर, शिल्पिकार, हाकुन फ-
३. ले दयकं, नारायण स्थापना याङा
४. सम्वत ७६८ आश्विनि शुक्ल, एका-
५. दस्यां तिथौ ।। थ्व फलेस खिप्वत त-
६. याव मालज्या यातसा पचं माहा-
७. पातक पञ्चनं विचार याके माल ।।

अनुवाद : कल्याण होस् । श्रीनारायणलाई नमस्कार । याछेँटोलका शिल्पकार हाकुले नेपालसंवत् ७६८ (वि.सं.१७०५) आश्विनशुक्ल एकादशीमा यो पाटी बनाई नारायणको मूर्ति स्थापना गरेको हो । यो पाटीमा फोहर गरेमा (दिसा गरेमा/गुहु पोका

*प्राध्यापक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पारेर राखेमा ?) पञ्च महापाप लाग्नेछ । पञ्च समुच्चयले यस पाटीको सँभार गर्नु पर्ने छ ।

व्याख्या : अभिलेख विगतका कुराको यथार्थ जानकारी दिने, इतिहासको अकाट्य प्रमाण हो । यस कुराको एक उदाहरण यो अभिलेख पनि हो । याछैँटोलका शिल्पकार हाकुले ने.सं.७६८ (वि.सं.१७०५) मा पाटी बनाउन लगाई उक्त पाटीमा नारायणको मूर्ति (चित्र संख्या ३) स्थापना गरेका थिए भन्ने कुरा उनले राख्न लगाएको यो अभिलेखबाट थाहा पाइन्छ ।

चित्र संख्या ३ : शिलाभिलेखको दायाँपट्टि चतुर्बाहु नारायणको मूर्ति छ । सो मूर्तिको तलतिर गरुड र मूसो छ ।

यस अभिलेखमा आएको 'खिप्वत तयाव मालज्या यातसा ' विशेष महत्त्वको छ । एउटै शब्दले पनि अनेक अर्थ निकाल्ने र कुनै पनि खास कुरा अभिव्यक्त गर्नाका लागि खास शब्द रहेको, अथाह शब्दभण्डारले सबैभन्दा सम्पन्न रहिआएको भाषा विश्वमा कुनै छ भने एकमात्र नेपालभाषा नै रहेको प्रतीत हुन्छ । त्यसमा पनि भाषाविद्हरूले भक्तपुरको नेपालभाषालाई प्रौढ भाषाको रूपमा मान्छन् । मलाई त यस भन्दा पनि एक कदम अगाडि बढेर भन्न मन लाग्छ : भक्तपुरको नेपालभाषा सारा नेवा:हरूको जननी भाषा हो । यस कुरालाई पुष्टि गर्ने अनगिन्ती उदाहरण छन् । त्यसमध्येको एउटा दृष्यन्त 'खिप्व' पनि हो ।

कुनै पनि परम्परा, चालचलन, लौकिक व्यवहारका खास कुरालाई बुझाउने खास शब्दहरू त्यस्ता परम्परा, चालचलन लोप भएर गए संगसंगै हराएर जाने हुन्छ । अति उन्नतिशील रहिआएको नेपालभाषाको यस्तै एक शब्द 'खिप्व' पनि हो भनी मान्न सकिन्छ । आजभोलि यो शब्द व्यवहारमा देखिन्न, समयको प्रवाहमा हराइसकेको विदित हुन्छ । यो शब्दले खास के कुरा जनाउन खोजेको हो, त्यो कुरा भाषाविद्हरूले निरूपण गर्लान् । मलाई लाग्छ, यस शब्दले फोहर वस्तुलाई जनाएको छ जुन तत्कालीन समाजमा अमान्य, तर अपरिहार्य रूपमा प्रचलित रहिआएको, आजको सन्ततिलाई अनौठो लाग्ने एक प्रकारको दिसा-संस्कृतिलाई सम्झाएको छ ।

भक्तपुर शहर आज नेपालकै सबभन्दा सफा, नमुना शहरको रूपमा प्रसिद्ध छ । आजभन्दा आधा शताब्दीअघिसम्म आजको भक्तपुर शहर अर्कै रूपमा थियो । परम्परागत शहर पारिका खुला स्थानहरू 'ख्य:' अर्थात् खुला आकासमुनिको पुरुष-शौचालयका रूपमा थिए । पुरुषहरू दिसापिसाब गर्न जानुपर्दा 'ख्यले वानेगु' भन्थे । त्यसैगरी शहरवारिका खास पर्खालले घेरिएका शौचालयहरू महिला शौचालय अर्थात् 'मला' भनिन्थ्यो । शहरका महिलाहरू दिसापिसाब गर्न 'मला वानेगु' भनी 'मला' मा जान्थे । यस प्रकारको दिसा-संस्कृति कान्तिपुर, ललितपुर लगायत अन्यत्रका नेवा:बस्तीहरूमा पनि प्रचलनमा थियो । कान्तिपुर ललितपुरतिर यस्ता सार्वजनिक शौचालयलाई 'खिखांमुग' भन्ने चलन रहेको र त्यसैगरी थिमितिर भने महिला शौचालयलाई 'मिसा मला' र पुरुष शौचालयलाई 'मिजं मला' भन्ने चलन रहेको विदित हुन्छ ।

म सम्झन्छु, त्यतिखेर खासगरिकन खुला शौचालयका रूपमा रहेका यस्ता मला र ख्य: हरूमा बथानका बथान सुँगुरहरू मान्छेका आची खान तँछाडमछाड गरी दौडेर आउँथे । दिसाले च्यापेर दगुर्दै वा हतार हतारमा ईजार फुकालेर सुरुवाल खोल्दै, लँगौटी फुस्काउँदै आएका मानिस देख्नासाथ आची खान पल्केका अनुभवी सुँगुरहरू पनि ती हगुवा मानिसका पछि पछि, ठूटे पुच्छर हल्लाउँदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुत्तिँदै दौडँदै आउँथे । हगुवाले टुक्रुक्क बसेर हग्दा हग्दैको, कहिलेकाहीँ त हग्ने आसन जमाएर बस्नै नपाउँदै झरेको वा जमिनमा झर्नै पनि नपाउँदैको आची घम्साघम्सी गर्दै बीचैमा क्वाप्लाक्कै खाएर, ती उन्मत्त सुँगुरहरूले सफाचट् पार्थे । यस्तो प्रतीत हुन्थ्यो मानौं, प्राकृतिक एवं वातावरणीय दृष्टिले पनि असलमा सहर सफा गर्ने असली सफाई कर्मचारीहरू त तिनै सुँगुरहरू थिए। तर केही उटपटाङे हगुवाहरूले त हग्न जाँदा टिम्मुरको धूलो पनि लिएर जान्थे र सो टिम्मुर हगेको आचीमा छर्कन्थे । टिम्मुर छर्केको आची खाएपछि त ती सुँगुरहरूलाई के कस्तो प्राणघातक दुष्प्रभाव पर्ने हो कुन्नि, उत्लिखैरै घ्वाँर घ्वाँर गरी कराउँदै चिच्याउँदै, आकासै फाट्ला जस्तो गरी गर्जना गर्दै, आत्तिएको बहुलाजस्तै यताउति दौडेर बडो उपद्रव मच्चाउँथे । त्यस्तो अद्भूत दृश्य देखेर वरपरका हगुवाहरू र बाटो लागेका मान्छेहरू उदेक मान्दै, पेट मिचि-मिचि हाँस्थे । आची खान पाउनु त सुँगुरको स्वभावसिद्ध अधिकार हो नि ?? जे होस्, बिचरा बेहाल सुँगरले बिना कसुर त्यसरी पाएको सास्तीले भने सबैलाई सित्तैमा खूब मनोरञ्जन मिल्थ्यो । त्यस्तो उटपटाङ गरी मस्तीले हाँस्ने काइदा भने भक्तपुर बाहिरका बस्तीहरूमा पनि थियो । मलाई त्यसबखतका मेरा कान्तिपुर, ललितपुरका साथीहरूले सुनाएको सम्झना अझै ताजा छ । र, मलाई यो पनि सम्झना छ, मान्छेको आची खाएर मोटाएका, पेट डम्म फुलेका ती छाडा सुँगुरहरू बाटोभरी जतातत्तै प्याट्ट-प्याट्ट गरी मल त्याग गर्दथे । अनि परम्परागत शहरीबस्ती छेउछाउका पराले छाना र काँचो ईँटाले बनेका झुप्रो जस्तै लाग्ने घरका मानिसहरू, विशेषगरी महिलाहरू राँगो/भैँसीका एकजोडी करङका हाडले सुँगुर, भैँसी, गाईगोरूका मल सोहरेर झुपडीमय घरका भित्तामा गुइँठा बनाएर सुकाई बिहान बेलुकीको खाना पकाउने इन्धनका रूपमा प्रयोगमा ल्याउँथे । अहिले यो कुरा केही अपत्यारिलो, अनौठो कथा जस्तो र फोहरी एवं घिनलाग्दो कुरा जस्तो लाग्न सक्छ । तर प्रकृति, पर्यावरण र वातावरणको दृष्टिले यो निःसन्देह आजको प्रदुषित विश्वको लागि एक अनुपम उदाहरण हो भनी मान्न सकिन्छ । हाम्रा पुर्खाहरू प्रकृति र पर्यावरणसित मानवीय क्रियाकलापलाई सन्तुलनमा राखेर जीवनयापन गर्नमा समेत खप्पिस थिए भन्ने कुराको एउटा विरलाकोटि उदाहरण यो पनि हो भन्ने मलाई लाग्छ ।

त्यतिखेर मानिसहरू पोखरीका किनारमा पनि दिसा गर्थे र पोखरीकै पानीले चाक धुन्थे । त्यति गर्न पनि अल्छि मान्नेहरू चाहे बूढा होस् वा बालक, ईँटा वा ढुङ्गाको टुक्राको कापले चाकमा अड्केको आची पुछेर फाल्थे, पाटीको पर्खाल वा थामको काप त चाक पुछने साझा चौतारी जस्तै नै थियो । हाम्रो मुलाछेँफल्चा पनि यस्तै स्थानमा थियो । यसो हुँदा पाटीमा 'खिप्वहरू' राखेर आची नगरून्, पाटीको भित्ताका कापमा, काठको थामको कापमा चाक घिस्रेर आची नपुछुन् भनी शिल्पकार हाकुले, धार्मिक आस्था र भावनामा चुर्लुम्म डुबेको लौकिकजीवनलाई धार्मिक डर देखाई यदि कसैले यो पाटीमा त्यस्तो काम गरेमा वा भनौं दिसा पुछेमा वा उनकै त्यतिबेलाको प्रचलित भाषामा भनौं 'खिप्वत तयाव मालज्या यातसा' पञ्च महापाप लाग्नेछ भनी धार्मिक डर मात्र देखाएनन्, पाटीलाई पवित्र तुल्याईराख्न भगवान् नारायणको मूर्ति पनि त्यहाँ स्थापना गर्न लगाएका थिए भन्ने कुरा बुझिन्छ । यसरी यस प्रकार सबैले मान्ने पुज्ने देवताको मूर्ति भएको पवित्र स्थलमा आची गर्ने, खिप्व राख्ने, पुछने कुरा त परै जाओस्, पाटीको पेटीमा पाइला टेक्न पनि पाटी बाहिरै जुत्ता फुकाल्न करै लाग्दथ्यो । यसरी एकसाथ यस्तो काइदाको जुक्ति निकालेका थिए हाम्रा हाकुले । सार्वजनिक महत्त्वका यस्ता पाटी सत्तल सधैँ पवित्र भइरहोस्, फोहर वस्तु कसैले पनि नफालुन्, नराखुन्, फोहर नगरुन् भन्नाका लागि पनि देवताका मूर्ति राख्ने चलन रहिआएको कुरा जानिन्छ ।

उक्त प्रसङ्गमा अर्को कुरा, 'खिप्व:' ले हामीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गुहुको पोका भन्ने कुरालाई पनि सम्झाएको छ । कसैले कसैलाई विरोध गर्नु परेमा, अपशकुन देखाउन परेमा उसको घरको मूलढोकामा गुहुको पोका झुण्डुयाएर विरोध गर्ने चलनलाई पनि यसले प्रकारान्तरमा सम्झाएको छ ।

खिप्वःले हामीलाई साना-साना बालिकाहरू लगायत केटीहरूले लाउने एकप्रकारको सुरुवाललाई पनि सम्झाएको छ जसलाई 'खिप्वः सुरूवाः' भनिन्छ । यस्तो सुरूवालको पछाडिपट्टि मुजा-मुजा परेर पिँडौलाभन्दा केही तलसम्म झरेर एक प्रकारको भुक्क उठेको पोका भएर झुण्डिएको हुन्छ जसलाई ' खिप्वः' भनिएको बुझिन्छ । यस्तो बेग्लै छाँटछन्दको (विशेषता) भएकोले यसलाई 'खिप्वः सुरूवा' भनिएको हो भन्ने कुरा जानिन्छ । त्यसैगरी यस्तो सुरुवाल लगाएर हिँड्दा ≈वाङ्ताङ्-≈वाङ्ताङ् हुने गरी सो खिप्वः हल्लिने हुँदा यस्तो सुरूवाललाई '≈वाङ्ताङ् सुरूवाः' पनि भन्ने चलन छ । विशेषगरी साना बालिकाहरूले लाउने यस्ता खिप्वः सुरूवाःको खिप्वःमा हगेको आची सजिलै सो खिप्वःमा खसेर जम्मा हुने हुन्छ । त्यस्तो सुरूवाललाई इनारको पानीले धोएर सुकाउने चलन पनि विगतमा रहेको बुझिन्छ । हाम्रो मुलाछेँफल्चाको सामुन्नेमा पनि इनार छ । यस्तो खिप्वः सुरूवाः पाटीमा झुण्ड्याएर राखेमा पनि पञ्चमहापाप लाग्नेछ भनेका हुन् कि भन्ने अनुमान पनि हुन्छ ।

आजभन्दा झण्डै चार दशक अघिसम्म नेपालमण्डलका विशेषगरी किसान समुदायमा लोकप्रिय यो खिप्वः सुरूवा आधुनिक पहिरनको आगमन र लोकप्रियतासंगै विस्मृतिको गर्भमा सुस्ताउन पुगेको विदित हुन्छ । खुसीको कुरा छ, आजभोलि हाम्रा नयाँ पुस्तामा सांस्कृतिक पहिचानको मोह पुनर्जागृत भएको आभास हुन्छ । मौलिक पहिरन/पहिचानमा गौरवान्वित हुन पुगेका पुस्ताले खोजी खोजी कम्तिमा आङ्नो सांस्कृतिक पहिचान मिल्ने पहिरन भेषभूषालाई महत्त्व दिन थालेका छन् । र, फेसनकै रूपमा अँगाल्न पुगेको देखिन्छ । खिप्वः सुरूवा पनि यस कुराको एक सुन्दर दृष्टान्त भएर आएको छ । यसको निमित्त हाम्रा नयाँ पुस्तालाई धन्यवाद दिनै पर्छ ।

प्रसङ्गवश यहाँ 'खिप्वः'को अघिल्तिर आएको 'खि' र त्यसैगरी त्यसको अघिपछि लागेर आउने अक्षरले अर्थ्याउने केही नेपालभाषाका शब्दहरू बारेमा चर्चा गर्नु पनि उपयुक्त होला । 'खि' ले गुहुलाई जनाउँछ । लामो छोटो बेग्लै कुरा हो । आखिर गुहु पनि त डोरी जस्तै लाम्चो परेको एक प्रकारको डोरी नै त हो । यसो हुँदा नै यसले 'खि' नाम पाएको बुझिन्छ । 'खि'को पछिल्तिर 'पः' जोडेपछि सो 'खिपः' शब्दले डोरीलाई बुझाउँछ । अनेक प्रकारका खिपः वा डोरीलाई बुझाउने अनेक शब्द छन् जस्तै **नलखिः** सालमी/मानन्धरहरूले तेल निकाल्ने कोलमा प्रयोग गर्ने डोरी, **गुईंखि** : मानन्धरहरूले पिना निकाल्न प्रयोगमा ल्याउने डोरी, **नालुखि** : नालुमाया खिपः/जुटको डोरी, **लाखि** : मोटो, बलियो डोरी (जस्तै इनारमा पानी लिन प्रयोगमा ल्याइने डोरी, **वलः/वलःखि** : हात्तीलाई बाँध्ने डोरी, देवताको रथ तान्ने डोरी, विस्काः जात्रा, इन्द्रजात्राको यःसिं/यवसिं (लिङ्गो) तान्ने डोरी, **सःखि/सःखिया खिपः** : कुचो बाँध्ने एक प्रकारको घाँसको डोरी, मृत्युसंस्कारका बेलामा प्रयोगमा ल्याइने एक प्रकारको डोरी '**काचि खिपः**', **चिखि** : खल्तिको डोरी/एक प्रकारको इजार, तुना, **गाखि** : थैली खोल्न र बन्द गर्न हुने गरी प्रयोगमा ल्याइने धागोको झिनो डोरी आदि । जसरी शब्दको पछिल्तिर जोडेर आउने अक्षर 'कं' ले तरकारी/सागविशेषलाई बुझाउँछ । जस्तै **च्वाकं, इकं, बकं, म्हुकं, फाकं, न्हायूकं** । त्यसैगरी 'खि' को अघिल्तिर जोडेर आएका शब्दविशेषले खास प्रकारका डोरीहरूलाई अर्थ्याउने कुरा जानिन्छ ।

मुलाछेँफल्चालाई आँखीझ्याल मानेर त्यहाँबाट नेपालमण्डलका कान्तिपुर, ललितपुर लगायत आसपासका नेवाः बस्तीहरूमा रहेका मला र ख्यः एवं तिनका आसपासमा रहेका फल्चाहरूलाई चियाएर हेर्दा तिनीहरूको नियति पनि मुलाछेँफल्चाको जस्तै थियो भन्ने आभास हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

'मूलाछैँ' नाम कुन आधारमा रहन गयो होला भन्ने कुराको उत्तर प्रकारान्तरमा हामीलाई माथि उल्लेखित 'थ्व फलेस खिप्वत तया मालज्या यातसा' बाट मिल्छ। 'मालज्याच्व' ले मलत्याग गर्ने कुरालाई बुझाएको स्पष्ट लाग्छ । यताबाट आजको मूलाछैँफल्चा रहेको इलाका विगतमा विशेषगरी महिलाहरूको सार्वजनिक शौचालय 'मला' थियो । त्यसो हुँदा त्यसैको आजको परवर्ती रूप मूलाछैँ रहन गएको दृष्टिगोचर हुन्छ ।

अहिले भक्तपुर शहर सफा छ। हाम्रो मुलाछैँफल्चाको मुहार पनि फेरिएको छ । शहरका अन्य फल्चाहरू लगायत मुलाछैँफल्चामा विहान स्थानीय बूढापाकाहरू भजनकीर्तन गर्छन् । त्यसरी भजन गाउँदै गरेका बूढापाकाहरू र भजन सुन्दा मनलाई अद्‌भुत शान्ति र आनन्द मिल्छ । यस्ता फल्चाहरूमा आज पनि प्रायः जसो बूढापाकाहरू भेला भएको देख्न सकिन्छ । भक्तपुरकै सुजमाह्री फल्चाहरू लगायत यस्ता फल्चाहरूमा बूढापाकाहरू जम्मा भएनन् भने कलियुग लाग्छ भन्ने स्थानीय लोककथन पनि छ ।

टोलवासीलाई एकै ठाउँमा ल्याएर एकता र आत्मीय भाव जागृत गराउन, आङ्खना मन मिलेका मित्रजनसित मनका कुरा पोख्न, कसिचा पायँ, बाघचाल जस्ता मनोरञ्जनात्मक खेल खेलेर, बालबालिकाहरूलाई कथा सुनाउन, सुस्ताउन, भजनकीर्तन गरेर मानसिक शान्ति पाउन आदि अनेक दष्टिले यसले नेवाः लौकिकजीवनमा खेल्दै आएको भूमिका अद्धितीय छ । यसरी हेर्दा सानो र सामान्य जस्तो लाग्ने फल्चाहरूको महत्त्व अनेक दृष्टिले विशिष्ट रहिआएको ज्ञात हुन्छ । देवस्थल आसपासमा पोखरी, पाटी, ईनार, ढुङ्गेधारा, जलद्रोणी अपरिहार्य रूपमा रहनु नेवाः वास्तुकलाको एक अनुपम विशेषता हो । यस कुराको पनि एउटा सुन्दर उदाहरण मुलाछैँफल्चा पनि हो ।

अहिले गल्लीको बाटो झैँ लाग्ने मूलाछैँफल्चाको मूलबाटो विगतमा बाहिरी संसारसित भक्तपुर शहरलाई जोड्ने पथिकहरूको आवागमन भइरहने एक व्यस्त मूलमार्ग थियो । यसो हुँदा पनि हाकुले पथिकहरूलाई लक्षित गरी उनीहरूले थकाई मार्न, सुस्ताएर आराम गर्नका लागि पनि लोकहितको भावनाले ओतप्रोत भई बनाउन लगाएका हुन् भन्ने कुरा जानिन्छ । र, अहिलेको सफा शहरलाई देखेर, आफूले बनाएको मुलाछैँफल्चालाई सफा, सुन्दर अवस्थामा पाएकोमा, उहिल्यै आफूले बनाएको फल्चालाई अहिलेको स्थानीय जनप्रतिनिधि सरकार लगायतका स्थानीय बासिन्दाहरूले आफूले आशा गरे झैँ मरम्मत सँभार गरिदिएकोमा स्वर्गवासी शिल्पकार हाकुको आत्मालाई शान्ति मिल्यो होला र उनले शायद आङ्खनो पालाका पञ्चहरू सदृश आजको भक्तपुर नगरपालिका र समस्त लोकवासीलाई धन्यवाद र आशीर्वाद पनि दिए होलान् । र, अन्त्यमा दिसा-संस्कृतिको कुरा चल्दा तल प्रस्तुत लोकप्रचलित कथन पनि याद आउँछ (साभार : संस्कृति शिरोमणि हरिराम जोशी)

हे भैल
द्यः तुइल
खिफातां जुया
प्यं हिल
(हे भैरव
उज्यालो भयो
हग्न हतार भएर
चाक पोल्यो)

सन्दर्भस्रोत

स्थलगत अध्ययन

अन्तर्वार्ता : विनोदराज शर्मा (६७, इपाछैँ) ।

आशाकुमार चिकंबन्जार (५५,टिबुक्छेँ-चासुख्यः) ।

रास जोशी (४७, बालकोट, भक्तपुर) ।

सुधादेवी श्रेष्ठ, (६१, इनागाः १, ख्वप) ।

नेपालभाषा केन्द्रीय विभाग, एमफिल-पीएचडी ने.सं. ११४१-०४२ समूहका शोधार्थीहरू ।

चित्र : लेखक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ग्रहण सम्बन्धी हिन्दू विश्वास र ग्रहणमा दिइएका भूमि विर्ता सम्बन्धी ऐतिहासिक लालमोहरहरू

- सह-प्रा. डा.महेश कुमार आचार्य *

लेखसार : ग्रहण एक खगोलीय प्रकृतिक घटना हो । एक निश्चित बाटोबाट सूर्यलाई पृथ्वीले परिक्रमा गर्ने तथा पृथ्वीलाई चन्द्रमाले परिक्रममा गर्ने प्रकृतिक नियम रहेको र यस क्रममा सूर्य र चन्द्रमाको बीचमा पृथ्वी पर्न जाँदा सूर्यको प्रकाश पृथ्वीले छेकेर चन्द्रमामा पृथ्वीको कालो छायाँ पर्ने घटनालाई चन्द्र ग्रहण भनिने तथा सूर्य र पृथ्वीको बीचमा चन्द्रमाको उपस्थिति हुँदा चन्द्रमाले सूर्यको प्रकाश छेकेर पृथ्वीबाट सूर्यमा कालो छायाँ देखिने घटनालाई सूर्य ग्रहण भनिन्छ । यो खगोलीय तथ्य प्रकाशमा आउनु अघि मानिसले यसलाई आश्चर्यजनक, अनिष्ट सूचक र डरलाग्दो घटनाको रूपमा लिने गर्दथे । यसै सुन्दर्भमा प्रचीन हिन्दूहरूको ग्रहण सम्बन्धी विश्वास तथा विगतका नेपालका हिन्दू शासकहरूले ग्रहणको अवसरमा गरेका कृयाकलापहरूको गहिरो खोजी हुन नसकेको अवस्थालाई एक महत्वपूर्ण शोध समस्याको रूपमा स्वीकार गरी ग्रहण सम्बन्धी ऐतिहासिक अध्ययनको रूपमा यो आलेख तयार परिएको हो । त्यसैले ग्रहण सम्बन्धमा विगतमा विकसित हिन्दूहरूको विश्वास के हो ? ग्रहणको विषय समेटिएका ऐतिहासिक दस्तावेजहरूबाट विगतका नेपाली शासकहरूको ग्रहण सम्बन्धी विश्वास कस्तो रहेको देखिन्छ ? उनीहरूले ग्रहणका अवसरमा के कस्ता अनुष्ठानहरू गर्दथे भन्ने प्रश्नलाई यस अध्ययनको क्रममा विशेष शोध प्रश्न बनाइएको छ । त्यसैले ग्रहण सम्बन्धी हिन्दू विश्वासको खोजी गर्नु, ग्रहणको विषय उल्लेख भएका ऐतिहासिक सामग्रीहरूको अन्वेषण गर्नु र त्यस्ता ऐतिहासिक सामग्रीहरूबाट देखिने प्राचीन हिन्दू शासकहरूको ग्रहण सम्बन्धी विश्वास र उनीहरूले त्यस अवसरमा गर्ने कृयाकलाप वा अनुष्ठानहरूको खोजी र समीक्षा गर्नु यस अध्ययनको मुख्य उदेश्य रहेको छ । यस शोध उदेश्य पूरा गर्नको लागि ऐतिहासिक र गुणात्मक शैलीको शोध विधि अपनाइएको छ । शोधका लागि आवश्यक तथ्यहरू प्राथमिक स्रोत अन्तर्गतको ग्रहण सम्बन्धी विषय उल्लेख भएका अप्रकाशित पुरालेखन सामग्रीहरूको खोजी र त्यसको उपयोग गरिएको छ । यस बाहेक द्वितीय स्रोत अन्तरगतका ग्रहण सम्बन्धी प्रकाशित पुस्तक तथा लेखहरूबाट पनि तथ्यहरू संकलन गरिएको छ । यी दुवै तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेर यो आलेख तयार पारिएको छ । यस शोधकार्यबाट हिन्दू समाजले वैदिककाल देखिनै ग्रहणको घटनालाई कुनै राक्षसी शक्तिबाट उत्पन्न घटना मान्ने गरेको, उत्तर

सह-प्राध्यापक, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग, त्रि.वि.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैदिककालदेखि यसलाई राहु र केतु जस्ता छायाँ ग्रहले सूर्य र चन्द्रमालाई कब्जामा लिदाँ उत्पन्न हुने घटना हो भन्ने विश्वास गर्दै आएको , यो घटना अनिष्ट सूचक घटना हो त्यसैले यसबाट बच्न स्नान, श्राद्ध तथा दान गर्नुपर्छ भन्ने विश्वास रही आएको, नेपालका हिन्दू शासकहरूमा पनि ग्रहण सम्बन्धी यस्तै विश्वास रही आएको तथा शाहा राजा राजेन्द्रमा पनि ग्रहण सम्बन्धी यस्तै विश्वास रहेको कारणले उनले ग्रहणको अवसरमा संकल्प गरी उचित समयमा विशेष व्यक्तिको समुपस्थितिमा सूर्य र चन्द्र ग्रहणको अवसरमा व्राह्मणहरूलाई पाँचवटा भूमिदान सम्बन्धी लालमोहर गरिदिएको तथ्य यस अध्ययनबाट प्रकाशमा आएको छ ।

शब्द कुञ्जिका : ग्रहण सम्बन्धी विश्वास, सूर्य ग्रहण, चन्द्र ग्रहण, राहु , केतु , भूमिदान

१.विषय परिचय :

आधुनिक विज्ञानले ग्रहणलाई खगोल सम्बन्धी सामान्य परिघटना मान्दछ । सूर्यलाई पृथ्वीले परिक्रमा गर्ने र पृथ्वीलाई चन्द्रमाले परिक्रमा गर्ने प्राकृतिक चक्र चलिरहने क्रममा सूर्य र र चन्द्रमाको बीचमा पृथ्वी पुगेको अवस्थामा सूर्यको उज्यालो प्रकाशलाई पृथ्वीले छेकेर चन्द्रमामा पृथ्वीको कालो छाँया देखिने घटनालाई चन्द्रग्रहण भनिन्छ । त्यसै गरेर यही परिक्रमाको क्रममा सूर्य र पृथ्वीको बीचमा चन्द्रमा पुगेको अवस्थामा सूर्यको प्रकाशलाई चन्द्रमाले छेकेर पृथ्वीमा चन्द्रमाको कालो छाँया पर्ने र छायाँ परेको क्षेत्रबाट सूर्यलाई हेर्दा सूर्यमा कालो छाँया देखिने प्रकृयालाई सूर्य ग्रहण भनिन्छ । यी दुवै ग्रहणहरू पूर्ण र आंशिक प्रकृतिका हुन्छन् । पूर्ण ग्रहणलाई खग्रास र आंशिक प्रकृतिको ग्रहणलाई खण्डग्रास ग्रहण भनिन्छ । दुवै किसिमका सूर्य र चन्द्र ग्रहणहरू सौर्य परिवारको उत्पत्ति भए देखिनै हुँदै आएको हो । त्यसैले यो खगोलीय परिघटना मानव उत्पत्ति भन्दा पहिले देखिनै घट्दै आएको थियो ।

मानवले ज्योतिष शास्त्र तथा खगोल शास्त्रको क्षेत्रमा विशेष उपलव्धि हासिल गर्नु अघि भने यी घटना मानव जातिका लागि विश्मयकारी र आश्चर्यजनक घटना थियो । उज्यालो पूर्ण चन्द्रमा अचानक कालो वा अध्यारो हुँदै जाने तथा दिउसोको समयमा सूर्यको प्रकाश कम हुँदै जाने वा अन्धकार हुने घटना आदिम युगमा पक्कै पनि डरलाग्दो र आश्चर्य जनक थियो । यस्तो घटनाबाट पृथ्वीका मानिसहरूले यसलाई आ-आफ्नो तरिकाले बुझ्ने र व्याख्या गर्ने गरेको पाइन्छ । प्रस्तुत आलेख ग्रहणको वैज्ञानिक र आधुनिक व्याख्या तथा विश्लेणमा केन्द्रित हुने छैन । ग्रहण सम्बन्धी पुरातन मान्यता वा विश्वासहरू के थिए र यस्ता विश्वासबाट उत्पन्न गतिविधिहरू के हुने गरेका थिए भन्ने खोजीमा यस अध्ययनलाई सीमित गरिएको छ । अर्को शब्दमा ग्रहणको सांस्कृतिक मान्यता र कृयाकलापको खोजीमा यो आलेख केन्द्रित गरिएको छ । यसै प्रसँगमा प्राचीन हिन्दूहरूको ग्रहण सम्बन्धी विश्वास तथा विगतका नेपालका हिन्दू शासकहरूले ग्रहणको अवसरमा गरेका कृयाकलापहरूको गहिरो खोजी हुन नसकेको अवस्थालाई एक महत्वपूर्ण शोध समस्याको रूपमा स्वीकार गरी ग्रहण सम्बन्धी ऐतिहासिक अध्ययनको रूपमा यो आलेख तयार परिएको हो । त्यसैले ग्रहण सम्बन्धमा विकसित हिन्दूहरूको विश्वास के हो ? ग्रहणको विषय समेटिएका ऐतिहासिक दस्तावेजहरूबाट विगतका नेपाली शासकहरूको ग्रहण सम्बन्धी विश्वास कस्तो रहेको देखिन्छ ?,उनीहरूले ग्रहणका अवसरमा के कस्ता अनुष्ठानहरू गर्दथे भन्ने प्रश्नलाई यस अध्ययनको क्रममा विशेष शोध प्रश्न बनाइएको छ । त्यसैले ग्रहण सम्बन्धी हिन्दू विश्वासको खोजी गर्नु, ग्रहणको विषय उल्लेख भएका ऐतिहासिक सामग्रीहरूको अन्वेषण गर्नु र त्यस्ता ऐतिहासिक सामग्रीहरूबाट देखिने प्राचीन हिन्दू शासकहरूको ग्रहण सम्बन्धी विश्वास र उनीहरूले त्यस अवसरमा गर्ने कृयाकलापहरूको खोजी र समीक्षा गर्नु यस अध्ययनको मुख्य उदेश्य रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अध्ययनको उदेश्य अनुसार ग्रहणका विषय उल्लेख भएका पुरालेखन सामग्री खोजी गर्ने क्रममा विगतमा हिन्दू धर्मावलम्बी शाह शासकहरूले ग्रहणको अवसरमा ब्राह्मणहरूलाई जग्गा दान वा विर्ता गरिदिएको घटनालाई समेटिएका लालमोहरहरू फेलापरेका छन् । वि.सं. १८८० देखि १८८८ बीचको आठ वर्षको अवधिमा घटेका सूर्य ग्रहण तथा चन्द्र ग्रहणको अवसरमा तत्कालीन राजाले ब्राह्मणलाई भूमि दान दिएको व्यहोरा समेटिएका पाँचवटा लालमोहरू प्राप्त हुन आएको छ। राष्ट्रिय अधिलेखालयको सँग्रहमा रहेका यस्ता लालमोहरबाट ग्रहण सम्बन्धी मान्यता, यस अवसरमा दिइने भूमि दान र दानको संकल्प गर्दा अपनाउने गरेको प्रकृया के कस्तो रहेको हुन्थ्यो भन्ने विषयमा खोजी गर्न यी सामग्री निकै उपयोगी भएका छन् । यी पाँचवटा ऐतिहासिक लालमोहरलाई आधार मानेर विगतका राजाहरूको ग्रहण सम्बन्धी विश्वास र यसअवसरमा हुने कृयाकलापको खोजी गरी यी पुरालेखन सामग्रीहरूकै विश्लेषणका आधारमा यस सम्बन्धी तथ्यहरू प्रकाश पार्ने कार्य यस आलेखमा भएको छ ।

२. अध्ययन विधि :

ग्रहण सम्बन्धी हिन्दू मान्यताको खोजी र यस सम्बन्धमा भएका भूमि दान सम्बन्धी ऐतिहासिक लालमोहर हरूको विश्लेषणमा केन्द्रित रहेको यो अध्ययन पूर्णरूपले ऐतिहासिक खोज हो । त्यसैले यस अध्ययन कार्यलाई गुणात्मक शोधको ढाँचामा अघि बढाइएको छ । प्रस्तुत अध्ययनका लागि गणितीय विश्लेषण गर्ने खालका नभै वर्णनात्मक शैलीमा विश्लेषण गर्न सकिने किसिमका तथ्यहरू संकलन कार्यलाई विशेष महत्व दिइएको छ । विगतको मूल्यमान्यता र यसबाट सृजित सांस्कृतिक अभ्यासको खोजी गर्नुपर्ने भएको हुँदा यस सम्बन्धी तथ्यहरू अधिकांश द्वितीय श्रोतहरूबाट संकलन गरिएको छ । ग्रहणको अर्थ, ग्रहण सम्बन्धी विश्वका प्राचीन मानव समुदायको धारणा, यस सम्बन्धी हिन्दू मान्यता, हिन्दू मान्यता अनुसार ग्रहणको घटनाले ल्याउने अपसकुन र अशुद्धिहरू तथा यसबाट मुक्ति पाउन अपनाउनु पर्ने उपाय सम्बन्धी हिन्दू विश्वासहरू पूर्व प्रकाशित हिन्दू धर्म ग्रन्थहरू र यस सम्बन्धी पुस्तक तथा शोध मूलक लेखहरूबाट संकलन गरिएको छ । वि.सं. १८८० देखि १८८८ बीचको समयमा ग्रहणको अवसरमा गरिएको भूमिदान सम्बन्धी लालमोहरहरू भने अप्रकाशित अभिलेखीय सामग्री (Archival Documents) हरूबाट संकलन गरिएको छ। राष्ट्रिय अभिलेखालयमा संग्रहित पुरालेखन सामग्रीहरूको अध्ययनबाट यी सामग्री खोजिएको हो । त्यसैले यस अध्ययनमा यस्ता प्राथमिक श्रोत अन्तरगर्तका पुरालेखन समग्रीहरू पनि तथ्य संकलनको लागि उपयोग गरिएको छ । यसैले यो आलेख प्रथमिक स्रोत तथा द्वितीय स्रोतबाट संकलन गरिएका तथ्य वा सूचनाहरूको विश्लेषणका आधारमा तयार परिएको छ । प्राथमिक स्रोतका पुरालेखन सामग्रीहरू (Archival Documents)को लिप्यान्तरण गरी ग्रहण सम्बन्धी विवरण र तत्कालीन राजाले कस्ता व्यक्तिलाई ? के उदेश्यका लागि ? कसरी कस्तो भूमि दानगरी विर्ता सम्बन्धी लालमोहर गरेका थिए ? भन्ने विवरण संकलन गरिएको छ। प्राचीन लिखित दस्तावेजहरूको व्याख्या र विश्लेषणबाट नयाँ तथ्य खोजीको प्रयास भएको हुँदा यस अध्ययनमा तथ्य विश्लेषणको लागि सामाग्री विश्लेषण (Content Analysis) विधिको प्रयोग भएको छ । द्वितीय स्रोतबाट संकलित तथ्यहरूलाई सन्दर्भ सहित यथा स्थानमा विधिपूर्वक उद्धरण गरिएको छ । यी दुवै खाले स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेर यो आलेख तयार पारिएको छ। यसरी यो एक गुणात्मक शोधकार्यको प्रतिवेदन समान देखिने आलेख बन्न पुगेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

३. अध्ययनको क्रममा भेटिएका मुख्य प्राप्तिहरू :

यस अध्ययनको क्रममा ग्रहणको विषयमा संसारमा प्रचलनमा रहेका पुरातन मान्यताहरू, हिन्दू समाजमा ग्रहणको सम्बन्धमा विकसित भएका विश्वासहरू, तथा यस घटनाको संभावित अनिष्टबाट बच्नका लागि प्राचीन हिन्दूहरूले अपनाएका विधिहरू तथा राजा र राज्यको तर्फबाट ग्रहणबाट उत्पन्न हुन सक्ने अनिष्ट निवारणको लागि भएका प्रयासहरूका विषयमा विविध तथ्यहरू प्राप्त हुन आएका छन् । यस खोजीबाट भेटिएका यस सम्बन्धी मुख्य प्राप्तिहरू निम्नानुसार रहेका छन् ।

ग्रहण सम्बन्धी विश्वका प्राचीन मान्यताहरू :

ग्रहण सम्बन्धी अध्ययनको सुरुवात प्राचीन बेबिलोनियन् सभ्यतादेखि भएको देखिन्छ । तर यसको व्यवस्थित गणितीय व्याख्या विश्लेषण भने भारतमा भएको विश्वास गरिन्छ । भारतीय ज्योतिषशास्त्री आर्य भट्ट प्रथमले सन् ४९९ मा पहिलो पटक आफ्नो पुस्तक आर्य भटियको गोलाध्यायमा सूर्य ग्रहण र चन्द्र ग्रहणको वैज्ञानिक व्याख्या र ग्रहण सम्बन्धी ज्योतिष गणनाको सूत्र उल्लेख गरेका थिए (उधृत : राणा, १९९९, पृ.१६) । यो खगोल शास्त्रीय व्याख्या हुनु भन्दा पहिला भारत तथा संसारका अन्य मानव समाजमा ग्रहणलाई प्राय: त्रासदीपूर्ण दैवीय घटनाकै रूपमा हेर्ने गरिएको पाइएको छ । प्राचीन मिश्रको सभ्यतामा राजाहरूले ग्रहणको अवसरमा सूर्यको गति रोकिने ठान्दथे र आफू सूर्यकै अंश भएको ठानेर सूर्यको सट्टा आफूहरू नै ग्रहण अवधिभर मुख्य मन्दिर वरिपरि घुमिरहन्थे र सूर्यको गति रोकिनबाट आफूले जोगाएको विश्वास गर्दथे भने इराकको युफ्रेटस नदि किनारका प्राचीन खल्दियाबासीहरूले चन्द्र ग्रहणलाई चन्द्रमा रिसाएको ठान्दथे र यसको कारणले अनिकाल, युद्ध , महामारी तथा भूकम्प जस्ता विपत्ति आउने संकेतको रूपमा लिने गर्दथे (राणा,१९९९,पृ.१८-२१) । प्राचीन ग्रीकबासीहरूले ग्रहणलाई सूर्य र चन्द्रमा रिसाएको संकेतको रूपमा लिने गर्दथे र युद्धमा हुने पराजयलाई ग्रहणबाट सृजित अपसकुनको परिणाम ठान्दथे भने प्राचीन रोमबासीहरू आकाशीय दानवहरूको छायाँ परेपछि ग्रहण लाग्ने गरेको र यस अवसरमा मानिसहरूले चिच्याउने कराउने तथा बाजाहरू बजाउने गरेमा दानव भाग्ने र ग्रहण हट्ने विश्वास गर्दथे (राणा,१९९९,पृ.२२) । यसै गरेर प्राचीन चिनियाहरू कुकुर वा अन्य जनावरले टोकेर चन्द्रमा तथा सूर्य कालो हुने गर्दछन् र ग्रहण लाग्ने गर्दछ भन्ने विश्वास गर्दथे र यस अवसरमा जनावर भगाउन घण्टी बजाउने गर्दथे साथै फेरी यस्तो नहोस् भनी उपवास बस्ने गर्दथे भने प्राचीन समयमा जापानीहरू पनि ग्रहणमा हुने प्रकाशको क्षय कम गर्न रुखहरूमा महत्ववूर्ण रत्न तथा आभूषणहरू झुण्डाउने गर्दथे (राणा,१९९९,पृ.२६) । प्राचीन एस्किमो आदिवासिहरू सूर्य र चन्द्रमा विरामी परेर ग्रहण भएको हुँदा यस अवसरमा भाँडावर्तन घोप्टो नपार्ने हो भने रोग भाँडामा खस्छ र मानिस विरामी हुन्छन् भन्ने विश्वास गर्दथे र यस अवसरमा भाँडाहरू घोप्टो पारी राख्दथे । अमेरिकी रेडइन्डीयन आदिवासी सूर्य र चन्द्रमा केही छिनको लागि निभेर ग्रहण हुन्छ भन्ने ठान्दथे र पुन आगो सल्काउन आगो सहितका धनुकाणहरू सूर्य र चन्द्रमा तर्फ ताकेर फाल्ने गर्दथे (राणा,१९९९,पृ.२६) । भारतीय भूमि नजिकै रहेको श्रीलंका क्षेत्रका आदिवासीहरू पनि ग्रहणलाई अपसकुनको संकेत मान्दथे र यसबाट मुक्त हुन उपवास बस्ने गर्दथे । यसै गरेर भारतको विहार तथा मध्यप्रदेशमा बस्ने मुंडाजातिका मानिसहरूको विश्वास अनुसार सूर्य र चन्द्रले आकाशमा बस्ने “धनको” नामक दैत्यसँग ऋण लिने गर्दछन् र समयमा ऋण नतिर्दा दैत्यले केही समयको लागि सूर्य र चन्द्रमालाई कैद गर्दछ । यसवाट ग्रहण हुने गर्दछ । त्यसैले उनीहरूले ग्रहणको अवसरमा आँगनमा खानेकुरा, भाँडावर्तन, हतियार आदि राखिदिने गर्दछन ताकि सूर्य र चन्द्रमाले यी वस्तु ग्रहण गरुन् र दैत्यको ऋण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिर्न सकुन् (राणा,१९९९,पृ २८) । यसरी संसारका विभिन्न आदिवासी समुदायले आरम्भिक समयमा ग्रहण सम्बन्धमा प्रायजसो अनिष्ठको संकेत, सूर्य र चन्द्रमा रिसाएको संकेत वा सूर्य र चन्द्रमा कुनै विपतमा परेको संकेतको रूपमा बुझ्ने गर्दथे र यसबाट मुक्त हुन वा मुक्त पार्न विशेष अनुष्ठान गर्ने गर्दथे भन्ने देखिन्छ ।

ग्रहण सम्बन्धी हिन्दू मान्यता वा विश्वास :

हिन्दू समुदायका आरम्भिक विश्वास र मान्यताहरू वैदिक साहित्यहरूमा मुखरित भएको पाइन्छ । ग्रहण सम्बन्धी वर्णन ऋग्वेदमै (१:८४:१६ तथा ५:४४:५-६) पाइन्छ । त्यस वेला ग्रहणको मुख्य कारण स्वर्भानु दैत्यलाई मानिन्थ्यो (द्विवेदी, २००५,पृ.२३) । उत्तर वैदिक्र कालदेखि भने ग्रहणको मुख्य कारक राहु र केतु नामक छाँया ग्रहलाई मान्न थालिएको पाइन्छ । उत्तरवैदिक ग्रन्थ विशेष गरेर पौराणिक ग्रन्थहरूमा भने ग्रहण सम्बन्धी हिन्दू मान्यताहरू ठोस र मूर्त भैसकेको देखिन्छ । श्रीमद्भागवत पुराणको आठौँ अध्यायमा राहु र केतु नामक ग्रहहरूका कारण ग्रहण हुने मान्यतालाई विस्तृत रूपमा वर्णन गरिएको छ । यस पुराणको वर्णन अनुसार महर्षि कश्यपकी पत्नी दनुबाट विप्रचित्ति नामकका छोराको जन्म भएको थियो जसको विवाह हिरण्यकशिपुकी बहिनी सिंहिकासँग भयो । सिंहिकाको गर्भबाट राहुको जन्म भयो । जब भगवान विष्णुको प्रेरणाबाट देवता र दानवले क्षीर सागरको मन्थन गरे, त्यसवाट अन्य कुराको अतिरिक्त अमृत पनि निस्कियो । मृत्युबाट बचाउने र अमर तुल्याउने अमृत देवताहरूलाई पान गराएर देवताहरूलाई अमर तुल्याउन भगवान विष्णुले मोहनीरूप धारण गरी अमृत बाँड्ने जिम्मा आफूले लिए । सर्वप्रथम देवताहरूलाई अमृत पान गराउन आरम्भ गरे । विष्णुको छलको विषयमा दैत्यकुलका राहुले थाहा पाए । राहुले देवताको भेष धारण गरेर अमृतपानका लागि सूर्य देवता र चन्द्र देवताको साथमा लामवद्ध भए । सूर्य र चन्द्रले राहुलाई चिनिसकेका थिए । विष्णुले जब राहुलाई अमृत दिए र राहुले उक्त अमृतपान गर्न आरम्भ गरे तब सूर्य र चन्द्र देवले राहुको असलियत विष्णुलाई बताइ दिए । विष्णुले तत्काल राहुको शिर क्षेदन गरिदिए । शिर काटिनु अघिनै राहुले केहि थोपा अमृत पिइसकेको हुँदा राहुको शिर र धड दुवै जिवित भए । यस पछि शिर राहुको नामले र धड केतुको नामबाट परिचित हुन पुगे । उक्त समयदेखि राहु र केतुको सूर्य देवता र चन्द्र देवताको बीचमा सत्रुतापूर्ण सम्बन्ध रहदै आएको छ । शिर विहिन केतु र शरीर विहिन राहुले समय समयमा सूर्य र चन्द्रमालाई कब्जामा लिने गर्दछन् । यसरी राहु र केतुवाट बन्दी हुँदा सूर्य र चन्द्रमाको प्रकाश हराउँछ भन्ने हिन्दू विश्वास छ (द्विवेदी, २००५,पृ.२३) । यही घटनालाई हिन्दूहरू ग्रहण भएको विश्वास गर्दछन् ।

आधुनिक खगोल शास्त्रले पहिचान गरेका ग्रहका अतिरिक्त सूर्य, चन्द्रमा तथा काल्पनिक ग्रह राहु र केतुलाई समेत जोडेर हिन्दूहरूले नवग्रहको कल्पना गर्दछन् । पाँचौ शताब्दी तिर नै आर्य भट्ट प्रथमले ग्रहण सम्बन्धी यथार्थ जानकारी प्राप्त गरिसकेको भए तापनि यस अघि नै हिन्दू समाजमा ग्रहणको कारण नवग्रह मध्येकै राहु र केतुको सूर्य तथा चन्द्रमाथिको आक्रमण हो भन्ने मान्यता स्थापित भैसकेको थियो (मिश्र, वि.सं. २०२९,पृ.३५) । त्यसैले छायाँबाट ग्रहण उत्पन्न भएको मान्याता हिन्दूहरूले सहजै स्वीकार गर्न सकेनन् । हिन्दू ज्यातिष शास्त्रले समेत राहुलाई एक छायाँ ग्रहको रूपमा केही अघि देखिनै स्वीकार गरी सकेको भए तापनि केतुलाई पनि नवग्रह अन्तर्गतको एक ग्रह मान्न थालिएको केहि पछि मात्र हो भन्ने देखिन्छ । गुप्तकालका प्रसिद्ध ज्योतिष बराहमिरिहले आफ्नो पुस्तक यज्ञ अश्वमेघीय यात्रामा सूर्यदेखि राहुसम्मका ग्रहहरूको चर्चा गरेका छन् तर केतुको चर्चा गरेका छैनन् (मिश्र, वि.सं. २०२९,पृ.३५) । त्यसैले ग्रहहरूको सूचीमा केतु पछिल्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

गुप्तकालदेखि मात्र थपिएको विश्वास गरिन्छ । ग्रहणकै विषयमा चर्चा गर्दै मनुस्मृति ग्रन्थको चौथो अध्यायको ३७ औ श्लोकमा राहुले ग्रस्त पारेको सूर्यलाई नहेर भनिएको छ (भट्ट,१९९०,पृ८७).। यस ग्रन्थमा ग्रहणको कारक राहुलाई मात्र मानिएको हुँदा केतु त्यसवेला पनि नवग्रहमा समावेश नभएको र ग्रहणको कारक नमानिएको हुन सक्ने विश्वास गर्न सकिन्छ । पुरातात्विक आधारमा केतुलाई नवग्रहको सूचीमा छैटौँ शताब्दीदेखि मात्र समावेश गरिएको देखिन्छ (जोशी, वि.सं.२०२९पृ.४०) । नेपालमा लिच्छविकालमै नौं गोलाकार मण्डललाई नवग्रहको प्रतिक मानि पूजा गर्ने प्रचलन सुरुवाट भइसकेको बुझिन्छ (पौड्याल र पराजुली,वि.सं. २०७७,पृ.९९) ।भक्तपुर न्यातपोल मन्दिर अगाडि गैह्रीधारामा बनाइएको नवग्रहको मूर्तिमा राहु र केतुको मूर्ति पनि समावेश छ । यो मूर्ति नवौ शताब्दीमा बनेको थियो (जोशी, वि.सं.२०२ ९पृ.४०) । यसबाट नवौँ शताब्दीमै नेपालमा पनि राहुका साथै केतुलाई समेत ग्रह मान्ने परम्परा स्थापित भैसकेको र उनिहरूको मूर्ति समेत बनाउन सुरु गरेको देखिन्छ । केतुलाई पनि ग्रहको सूचीमा राखेपछि उसलाई पनि हिन्दूहरूले ग्रहणको कारकको रूपमा स्वीकार गर्न थालेका थिए ।

ग्रहणको प्रभाव र मुक्तिको उपाय : हिन्दू पुरातन विश्वास अुनसार ग्रहणले व्यक्ति तथा मानव समुदायमा अशुभ वा अशुद्धि ल्याउने गर्दछ र त्यस्तो अशुभ वा अशुद्धि हटाउन स्नान, देव पूजन, श्राद्ध एवं दानको विशेष महत्व रहेको हुन्छ । हिन्दू विश्वास अनुसार ग्रहण विपत्तिको कारक र रोग व्याधीहरूको कारक हो । यसबाट मुक्त हुन सूर्य तथा चन्द्र ग्रहणको स्पर्सकालमा स्नान गर्नुपर्ने, ग्रहणको मध्यकालमा होम तथा देवपूजन गर्नुपर्ने, ग्रहणको मोक्ष उन्मुख अवस्थामा दान र श्राद्ध गर्नुपर्ने तथा पूर्ण मोक्षकाल पछि पुनः स्नान गर्नुपर्ने कुरा हिन्दू शास्त्रीय ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । स्कंद पुराणको काशिखण्ड (९:३७) र अग्नी पुराण (अध्याय १२१) मा सूर्य र चन्द्रलाई राहुले ग्रस्त पारेको अवस्थाको दानको विशेष महिमा रहेको कुरा वर्णन गरेको पाइन्छ । यी ग्रन्थहरूमा यस अवस्थामा सबै दानहरू भूभिदान सरह हुने , सबै ब्राह्मण ब्रम्हा सरह हुने र सबै जल गंगाजल सरह हुने बताएका छन् । यसको अर्थ यस अवधिमा कुनै पनि जलले स्नान गर्नु, कुनै पनि ब्राह्मणलाई दान गर्नु र कुनै पनि वस्तुदान गर्नु उत्तम हुन्छ भन्ने हो । यसो भए तापनि ग्रहणकालको गाई दान, सुवर्णदान र भूभिदानलाई पुराण तथा महाकाव्यहरूले महादानको संज्ञा दिएका छन् । त्यसैले यी दानहरूको विशेष महत्व रहेको देखिन्छ ।

ग्रहण र भूमिदान : प्राचीन भारतीय राज्यमा ग्रहणको अवसरमा प्रायः राजाहरूले अन्य वस्तुको साथमा भूमिदान दिने गरेको प्रसंग ऐतिहासिक समग्रीहरूमा पाइन्छ । भारतका एक महाराज श्री सत्यसरायले एक ताम्रपत्र अभिलेखमा सकराजाहरूले ५३४ वर्ष शासन गरिसकेपछि र मेरो आफ्नै राज्याभिशेषको तेस्रो वर्षको भाद्र पदामा परेको सूर्य ग्रहणको अवसरमा वशिष्ठ गोत्रीय तैतरीय ब्राह्मण उम्वराखेडालाई माकारापि गाँउ दान दिएको भन्ने व्यहोरा उल्लेख भएको छ (Buhlaer, 1877, p.73) । यस प्रसंगबाट भारतमा छैटौँ शताब्दी देखिनै राजाहरूले ग्रहणको अवसरमा ग्रहणको दोष मेट्न र बान्छित फल प्राप्तिको लागि भूमिदान गर्ने गरेको स्पष्ट भएको छ । नेपाल आरम्भिक समयदेखिनै हिन्दू राजतन्त्रात्मक मुलुक रहिआएको छ । लिच्छविकाल देखिनै नेपालका राजाहरूले आफू हिन्दू भएको र हिन्दू मान्यता अनुकुल शासन संचालन गर्न पाएकोमा गर्व महशुस गर्दथे । मध्यकालका नेपाली शासकहरूको पनि हिन्दू मान्यता र विश्वासमा गहिरो आस्था रहेको देख्न सकिन्छ । यो क्रम शाह शासकहरूसम्म पनि निरन्तर रहेको थियो । यीह हिन्दू विश्वास र आस्थाको कारणले नेपालको इतिहासका एक हिन्दूराजाले आफ्नो राज्यकालमा भएका ग्रहणका अवसरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूमिदान गरेका केही ऐतिहासिक लालमोहरहरू राष्ट्रिय अभिलेखालयबाट प्राप्त हुन आएका छन् । यी ऐतिहासिक सामग्रीहरूले परोक्षरूपमा नेपालका हिन्दू शासकहरूको ग्रहण प्रतिको दृष्टिकोण र यस अवसरमा उनले गरेका भूमिदानका प्रसंगहरू प्रकाशमा आएका छन् ।

राजा राजेन्द्र र उनले ग्रहणमा गरेका भूमिदान सम्बन्धी लालमोहरहरू : राजेन्द्र विक्रम शाह नेपाल राज्यका प्रथम शाहा शासक पृथ्वीनारायण शाह पछिका चौथो पुस्ताका राजा थिए । उनी गीर्वाणयुद्ध विक्रम शाहाका जेठा छोराको रूपमा वि.सं. १८७० मा जन्मेका थिए । तीनवर्षको उमेरमै वि.सं. १८७३ मा राजा भएका राजेन्द्रको सकृय शासन वि.सं. १८९४ देखि वि.सं. १९०४ सम्म रहेको थियो । बन्दी अवस्थामै उनको वि.सं. १९३८ मा मृत्युभएको हो । उनी प्रत्यक्ष राजा बन्नुअघि अर्थात् नायविकालको वि.सं. १८८० देखि १८८८ बीचमा सूर्य ग्रहण र चन्द्र ग्रहणको अवसरमा भूमिदान गरेका पाँचवटा लालमोहरहरू राष्ट्रिय अभिलेखालयबाट प्राप्त भएका छन् ।

प्रथम लालमोहर : वि.सं.१८८० साल आश्विन सुदि १२ रोज ५ मा जारी भएको यो लालमोहरमा श्री ५ राजेन्द्र विक्रम शाहले आफ्ना बुवाज्यूले वि.सं. १८६९ माघ वदि ३० रोज २ मा सूर्य ग्रहणको अवसरमा संकल्प गरेअनुसारको पाटन क्षेत्रको खेत मुरी १५० दिवेश्वर अधिकारीलाई विर्ता दिएको व्यहोरा उल्लेख छ । यस लालमोहरमा ग्रहणको अवसरमा खेत दान दिदा संकल्प पढ्ने कार्य पण्डित यदुनाथ अर्ज्याललले गरेको, त्यसै गरी पानी हाल्ने कार्य तत्कालीन जनरल भिससेन थापाले गरेको, दान दिएको खेतको साँध लाउने कार्य सधियार गणपति पन्थ तथा हरिवंश बोहराले गरेको व्यहोरा उल्लेख भएको छ । यस लालमोहरमा ग्रहणको अवसरमा दान दिँदा पाटन अंवालिबाट आएका व्यक्तिहरूको नाम उल्लेख गरी कसैले दान दिएको जग्गामा दुखः नदिनु भन्ने व्यहोरा समेत उल्लेख भएको छ । यो भूमिदान सूर्य ग्रहणको अवसरमा भएको व्यहोरा र श्री ५ बुवाज्यूले संकल्प गरेको विवरण पेटबोलीमा नभै लालमोहरको शीर्ष भागमा उल्लेख गरिएको छ (हेर्नुहोस् : परिशिष्ट, लालमोहर नं १)।

दोस्रो लालमोहर : वि.सं.१८८१ जेठ सुदि ९ रोज ७ राजा श्री ५राजेन्द्र विक्रम शाहले जारी गरेको यो लालमोहर वि.सं.१८७५ चैत्र सुदी १५ रोज ७ मा भएको चन्द्र ग्रहणको अवसरमा उनी स्वयंले संकल्प गरी दान दिएको खेत र घडेरी समेत रिषि पाध्या गर्तौलालाई चारकिल्ला छुट्टाई ३४ मुरी, ६२ मुरी, ४ मुरी तथा २८ मुरी खेत तथा २८ मुरी पाखो घडेरी समेत विभिन्न जमिनहरू विर्ता दिई लालमोहर गरिदिएको व्यहोरा उल्लेख भएको छ । यो ग्रहणको अवसरमा दिइएको भूमिदानको संकल्प पण्डित यदुनाथ अर्ज्यालले पढेको, यस अवसरमा पानी हाल्ने काम श्री जनरल भिमसेन थापाले गरेको र यस अवसरमा दानदिएको जमिनको साँध छुट्टाउने कार्यमा संलग्न गोकुल खनाल, भीमसेन पन्थ, मोदनाथ अर्ज्याल, मर्दन सिंह राना लगायतका व्यक्तिहरूको नाम उल्लेख भएको छ । यस लालमोहरमा विर्तावारले किल्ला भन्दा अर्घ्यालो नच्यापनु भन्ने वाक्य समेत उल्लेख भएको छ। यस लालमोहरमा पनि चन्द्र ग्रहणको भूमिदान सम्बन्धी लालमोहर हो भन्ने जनाउन शिरोभागमा श्री दूर्गाज्यू, श्री चन्द्र वाक्यहरू लेखिएको छ (हेर्नुहोस् : परिशिष्ट , लालमोहर नं २)।

तेस्रो लालमोहर : यो लालमोहर राजा राजेन्द्रले वि.सं. १८८५ साल द्वितीय आषाढ वदि १० रोज २ मा जारी गरिदिएका थिए । यस लालमोहरमा वि.सं.१८८४ कार्तिक सुदि १५ रोज ७ मा भएको चन्द्र ग्रहणको अवसरमा राजा स्वयंले संकल्प गरेअनुसार जगन्नाथ पाध्या र काशिनाथ पौड्याललाई विर्ता गरी भूमिदान दिएको व्यहोरा उल्लेख गरिएको छ । ग्रहणको अवसरमा संकल्प गरेका देवपाटन क्षेत्रका खेत तथा घडेरी समेत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विभिन्न क्षेत्रफल र कित्ता भूमि चारकिल्ला खुलाएर सन्तान दरसन्तान सम्मका लागि भोग गर्नु भनी लालमोहर गरिदिएको व्यहोरा उल्लेख भएको छ । ग्रहणको अवसरमा भूमिदान दिँदा संकल्प पढ्ने पण्डित यदुनाथ अर्ज्याल तथा पानी हाल्ने काजी रण गंभिर पाडे रहेको तथा साँघ लाउने सधियारहरू हरिवंश बोहरा, वंशवीर राना लगाएतका करिब १ दर्जन व्यक्तिहरूका नाम उल्लेख गरिएको छ (हेर्नुहोस् : परिशिष्ट, लालमोहर नं ३) ।

चौथो लालमोहर : यो लालमोहर पनि राजा राजेन्द्रले वि.सं.१८८७ फाल्गुन वदि ६रोज ५ मा जारी गरेका थिए । यसमा वि.सं.१८८६ साल फाल्गुण सुदि १५ रोज ३ मा परेको चन्द्र ग्रहणको अवसरमा संकल्प गरे अनुसार ब्रह्मा पाध्या ढकाललाई गोकर्ण र चाँगुक्षेत्रका विभिन्न खेत र घडेरी दान दिएको व्यहोरा उल्लेख भएको छ । चन्द्र ग्रहणको अवसरमा भएको यो भूमिदानको अवसरमा संकल्प पढ्ने पण्डित रधुनाथ पण्डित अर्ज्याल रहेको, सो अवसरमा पानी हाल्ने काम कमाण्डर रणवीर सिंह थापाले गरेको र साँध लाउने कार्य हरिवंश बोहरा, गोकुल षनाल लगाएत विभिन्न व्यक्तिहरू रहेको व्यहोरा उल्लेख गरिएको छ । । यस लालमोहर हुँदाको अवसरमा उपस्थित गोकर्ण अमालीबाट आएका भागिदत्त पर्धान, रतन सिं लगाएतका व्यक्तिहरूको नाम समेत उल्लेख भएको छ (हेर्नुहोस् : परिशिष्ट , लालमोहर नं ४) ।

पाँचौँ लालमोहर : राजा राजेन्द्रको यो पाँचौँ ग्रहण सम्बन्धी भूमिदानको लालमोहर वि.सं. १८८८ प्रथम वैशाख वदि ६ रोज १ मा जारी भएको हो । यस लालमोहरमा वि.सं. १८८७ साल भाद्र सुदि १५ रोज ५ मा परेको चन्द्र ग्रहणको अवसरमा राजा स्वयंले जय नारान पाध्या कोइरालालाई संकल्प गरे बमोजिमको भूमिदान गर्ने क्रममा पाटनका अब्बल खेतहरू दान गरी लालमोहर गरिदिएको विवरण उल्लेख भएको छ । यस ऐतिहासिक लिखतमा उक्त ग्रहणको अवसरमा दिइएको भूमिदानको संकल्प पढ्ने पुरोहित रघुनाथ पण्डित अर्ज्याल, सो अवसरमा पानी हाल्ने काजी कुलमान सिंह बस्न्यात र साँध लगाउने सधियार गिरिधारी पंथ, अनीर अर्ज्याल, गोकुल षनाल आदि व्यक्तिहरू रहेको विवरण र यस अवसरमा पाटन अमालीबाट आएका भान्नसिं प्रधान आदिको नाम उल्लेख भएको छ (हेर्नुहोस् : परिशिष्ट, लालमोहर नं ५) ।

४. छलफल तथा निष्कर्ष :

यस अध्ययनबाट प्राप्त हुन आएका र अघिको मुख्य प्राप्ति खण्डमा चर्चा गरिएका विभिन्न तथ्यहरूबाट हिन्दू समाजमा वैदिक कालदेखि नै अन्तरिक्षाको कुनै राक्षस वा विरोधी तत्वबाट सूर्य र चन्द्रमामाथि आक्रमण हुँदा ग्रहण हुने विश्वास उत्पन्न हुँदै आएको देखिन्छ । उत्तरवैदिककालमा विशेष गरेर माहाकाव्यकाल र पौराणिककालमा राहु र केतु नामका छायाँ ग्रहहरूले सूर्य र चन्द्रमामाथि प्रतिशोधी आक्रमण गर्दा ग्रहण हुने विश्वास स्थापित भएको देखिन्छ । यो घटना कुनै अनिष्ट वा अशुभको संकेत हो र यसबाट बच्नको लागि स्नान, दान र श्राद्ध जस्ता उपायहरू फलदायी हुन्छन् भन्ने विश्वास पनि हिन्दू समाजमा व्याप्त हुँदै गयो । यही विश्वासका कारणले भारतमा छैटौँ शताब्दीतिर ग्रहणको अवसरमा भूमिदान दिने परम्परा रहेको देखिएको छ । हिन्दू आस्था र मूल्यमान्यतामा प्रतिवद्ध नेपालका हिन्दू शाह राजा राजेन्द्रले पनि ग्रहणको अवसरमा भूमिदान गरेका ऐतिहासिक लालमोहरहरू अध्ययनको क्रममा प्रकाशमा आएका छन् । यी लालमोहरहरू तथा ग्रहण सम्बन्धमा चर्चा गरिएका धार्मिक ग्रन्थहरूको अध्ययनबाट निम्न तथ्यहरू उजागर हुन पुगेका छन् ।

राजा राजेन्द्र विक्रम शाहको ग्रहण सम्बन्धी विश्वास : राजा राजेन्द्र विक्रम शाह हिन्दू धर्म र दर्शनबाट प्रभावित भएको देखिन्छ । उनले सूर्य र चन्द्र ग्रहण राहु र केतुबाट ग्रसित भएको कारणले हुने गर्दछ भन्ने कुरामा विश्वास गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरेको देखिन्छ । ग्रहणको दोष र अशुभबाट बच्न स्नान, श्राद्ध तथा दान गर्नुपर्ने कुरामा उनको गहिरो विश्वास रहेको थियो । त्यसैले उनले राज्यकालको आरम्भिक दशकमा यस्ता पाँचवटा ठूला भूमिदान सम्बन्धी लालमोहर गरिदिए । यी पाँचवटा सूर्य र चन्द्र ग्रहणका अवसरमा ब्राह्मणहरूलाई सयौँ मुरी खेत र घडेरी योग्य पाखो जग्गा दान गरेका थिए । देवपाटन, पाटन, गोकर्ण तथा चाँगु क्षेत्रका अब्बल खेत दान गर्नुमा ग्रहणबाट आफूलाई र राज्यलाई पर्नसक्ने अनिष्टबाट बचाउनु रहेको थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

ग्रहणकै अवसरमा संकल्प तर लालमोहर भने केही समय पछि : माथि उल्लेखित पाँचवटै लालमोहरहरू ग्रहणको घटना घटेको एक वर्ष वा त्यसभन्दा पनि पछि मात्र जारी भएका छन् । हिन्दूधर्म शास्त्रहरूले ग्रहणको दान ग्रहण मोक्ष उन्मुख अवस्थमा गर्नुपर्ने बताएका छन् । ग्रहणकै समयमा कुन खेत कति मात्रामा दान गर्ने भन्ने टुङ्गो लगाउन कठिन हुने भएको हुँदा ग्रहणको अवसरमा ब्राह्मणको नाममा खेतको क्षेत्रफल (मुरी) तोकेर दानको संकल्प मात्र गर्ने गरेको र उचित समयमा विधिपूर्वक चारकिल्ला र क्षेत्रफल तोकेर भूमिदानको लालमोहर गरिदिने परम्परा रहेको देखिन्छ । पहिलो लालमोहरमा त बाबुले गरेको संकल्प अनुसारको भूमि छोराले लालमोहर गरिदिएको विवरण उल्लेख भएको छ । अन्य लालमोहरहरू पनि ग्रहणको अवसरमा संकल्प गरेको एक वर्ष पछि मात्र गरेको देखिन्छ ।

नायवी कालमा अधिक भूमिदान : राजा राजेन्द्र तीनवर्ष नपुग्दै वि.सं.१८७३ मंसिर ८ मै राजा भएका थिए । बालक राजालाई राजकाजमा सहयोग गर्न ललित त्रिपुरा सुन्दरीले नायवी ग्रहण गरेकी थिइन्(मिश्र, वि.सं.२०५४,पृ.७२) । त्यसवेला राजकाजमा भिमसेन थापाको प्रभुत्व कायम थियो । चौबीस वर्षको उमेरमा वि.सं.१८९४ अर्थात् सन् १८३७ मा मात्र उनले भारदारहरूलाई पजनी गर्ने अधिकार लिएर शासन आफ्नो हातमा लिने क्रम सुरु गरेका थिए (शर्मा, वि.सं.२०५९,पृ.१४२) । यस कारण माथि उल्लेख भएका वि.सं. १८८० देखि १८८८ सम्मका ग्रहणको अवसरमा भएका भूमिदानका लालमोहरहरू राजाको स्वतन्त्र शासनकालमा नभै नायवी कालमा भएको देखिन्छ । राजा बालक भएको अवसरमा भारदार र ब्राह्मण पण्डितहरू विशेष सक्रिय भएको र अधिक भूमिदानका लागि राजा वा राजसंरक्षकलाई प्रभाव पारेको हुन सक्दछ । राजा स्वतन्त्र शासक भएपछि पनि ग्रहण त अवश्य परे होलान् तर भूमिदानका लालमोहरहरू प्राप्त हुन सकेनन् । ग्रहणको भूमिदान नायवीकालमा अधिक भएको तथ्य यस अध्ययनबाट प्राप्त भएको छ ।

विशिष्ट व्यक्तिहरूको उपस्थितिमा मात्र ग्रहणको भूमिदान : अध्ययनको क्रममा प्राप्त लालमोहरहरूबाट ग्रहणको अवसरमा हुने भूमिदानको समयमा राज्यको विशिष्ट व्यक्तिहरूको समेत उपस्थिति हुने गरेको देखिएको छ । पाँचवटै लालमोहरहरूमा भूमिदानको संकल्प पढ्ने राज पुरोहित, पानी हाल्ने कार्यमा संलग्न प्रधानमन्त्री वा उच्च प्रशासक, दान दिने जग्गा रहेको क्षेत्रको अमालीबाट आएका प्रधानहरू तथा साँध छुट्ट्याइदिने कार्यमा संलग्न सधियार हरूको नाम समेत लालमोहरमा उल्लेख भएको छ । पुरोहितहरूमा यदुनाथ अर्ज्याल, रधुनाथ अर्ज्यालको नाम उल्लेख भएको देखिन्छ । यसै गरि पानी हाल्नेमा जनरल भिमसेन थापा, काजी रणगंभिर पाडे, कमाण्डर रणवीर सिंह थापा, तथा काजी कुलमान सिंह वस्न्यातको नाम उल्लेख गरिएको छ । यसै गरी भान्नर्सिं पर्धान तथा भागितत्त पर्धान जस्ता व्यक्तिहरूको समेत उपस्थिति हुने गरेको उल्लेख लालमोहरमा भएको छ । त्यसैले ग्रहणको समयमा हुने भूमिदानमा पुरोहित तथा उच्च प्रशासकहरूको उपस्थिति हुने गरेको तथ्य पनि यस अध्ययनबाट प्रकाशमा आएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

अन्त्यमा निष्कर्षको रूपमा उल्लेख गर्नुपर्दा ग्रहण एक खगोलीय प्राकृतिक र स्वभाविक घटना भए तापनि यसको वास्तविकता प्रकाशमा आउनु अघिको विश्वका अनेकौ आदिम समाजले यसलाई अस्वभाविक, अनिष्ट र विपत्तिको संकेतको घटनाको रूपमा लिने गर्दथे । वैदिक हिन्दूसमाजले यसलाई कुनै असुरले घटाउने घटना ठान्ने गरेको भए तापनि उत्तर वैदिककालदेखि यस घटनालाई राहु र केतु नामक छायाँ ग्रहले सूर्य र चन्द्रमालाई प्रतिशोध पूर्ण नियन्त्रण गरेको अवस्था मान्न थालेको देखिन्छ । यसबाट व्यक्ति तथा समाजमा अशुद्धी तथा अनिष्ट उत्पन्न हुने र बच्नको लागि स्नान,श्राद्ध तथा दान उत्तम उपाय हुने कुरा पनि प्राचीन हिन्दू समाजले विश्वास गर्दथ्यो । हिन्दू शासकको रूपमा शासन गर्ने राजाहरूको पनि यहि विश्वास रहेको थियो । शाह राजा राजेन्द्र विक्रम शाहले पनि ग्रहण सम्बन्धी यही विश्वास र आस्थाको कारणले ग्रहणको अवसरमा भूमिदान गरेर लालमोहर जारी गरेका थिए । पिताले संकल्प गरेर छोडेको तथा आफूले संकल्प गरेको भूमि उपयुक्त समयमा तात्कालीन विशिष्ट व्यक्तिको उपस्थितिमा लालमोहर गरिदिने प्रचलन रहेको तथ्य र राजा परिपक्क हुने अवस्थामा भन्दा राजा नाबालक हुने अवस्थामा यस्तो भूमिदान अधिक भएको तथ्य पनि यस अध्ययनबाट प्रकाशमा आएको छ ।

सन्दर्भ सामग्री सूची

Buhler , J. (1877) New grant of Govinda iii. *The Indian Antiquary :A Journal of Oriental Researdh* Vol.VI -1877.PP 72-75 .Retrieved on Oct 10,2021 From https://archive.org/details/in.ernet.dli.2015.176347/page/n1/mode/2up

जोशी, हरिराम (वि.सं. २०२९) नवग्रह एक अध्ययन. प्राचीन नेपाल. अंक १९ वैशाख.पृ.३७ -४४.।

द्विवेदी, भोजराज(२००५) राहु केतु एवं ग्रहण विचार . नई दिल्ली : डायमण्ड पाकेट बुक्स.प्रा.लि.।

पौड्याल, विणा र पराजुली , सन्ध्या खनाल . नेपाल मण्डलका सूर्य, चन्द्र र नवग्रहका मूर्तिहरू. काठमाण्डौं: पैरवी बुक हाउस प्रा.लि.

भट्ट, रामेश्वर (अनु.) मनुस्मृति : पण्डित रामेश्वरभट्ट कृतया सरला भाषाटीक्या समलङ्कृत . दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ।

मिश्र, तारानन्द(वि.सं.२०२९) नेपालमा सौर्य सम्प्रदाय र नवग्रहका मूर्ति. प्राचीन नेपाल. अंक २० श्रावण. पृ.३४-४१ ।

मिश्र, तीर्थप्रसाद (वि.सं.२०५४) आधुनिक नेपालको इतिहास (१७३४-१९५१ई.). काठमाण्डौ : एम.के. पव्लिसर्स .

राणा, नारायण चंद (१९९९) ग्रहण मिथक और यथार्थ. नयी दिल्ली : विज्ञान प्रशार. Retrived on Sep 28, 2021, From https://www.arvindguptatoys.com/arvindgupta/vp-h-grahan-rana.pdf

शर्मा, देविप्रसाद (वि.सं.२०५९) आधुनिक नेपालको इतिहास. काठमाण्डौ : रन्त पुस्तक भण्डार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट

लेखमा उपयोग भएका ग्रहणको अवसरमा भूमिदान गरेको विषय समेटिएका ऐतिहासिक लालमोहरहरू

पनित्रांकुलो	१४।१०		६	
पनिज्ञाक मैं	११।१५		२॥	
डाडाषेत	११६।३		४	
धोबडे षेत २ठाउ गौ	१३४		८॥	
तिमिरे षेत ३ठाउ गारि	१२०		३॥	
दुनिबोटे	११।१८		२	
दुनिबोटे षेत २ठाउ गौ	१७		१॥	
जाकुस्या षेत	११३		३।	
पलारको	१६।१५	८।१		
पधेलको सिहान	१।१।१०			
कोल्याको सिहान	१८।१५			
उपल्या	११४		२	
सषेषेत २ठाउ गौ	११५।३		३॥	
अहिडाडाषेत	१२।१५		२॥	
विमल्याको कान्हा	११			
कुलेषेत	१९।५		२।	
साउन्या	११०		२॥	
जकेबासं	१२।८		॥	
	२।२४।१३	४।१०	४३॥	
	११।५२।६।७	८।८।२	१२५३	

रकम

धानकी ८।।८।।२केदर १।गावे ———— ६॥

केरु ———— ———— ————

पंरुवानि ———— ———— ————

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छवि अभिलेखको वर्तमान अवस्था

–प्रकाश दर्नाल*

२०७२ साल बैशाख १२ गतेको भूकम्पले काठमाडौं उपत्यकासहित २० जिल्लाको सम्पदाको साथै जनधनको व्यापक विनास गरेको थियो । राष्ट्रिय अभिलेखालयले अभिलेखको अवस्थाबारे गम्भिर चासो राख्दै उपत्यका वरिपरिको अभिलेखको फोटो सहितको लगत राख्ने कार्यक्रम सम्पन्न गरी यसको अवस्थाबारे सर्वेक्षण गरेर लगत राख्ने सराहनीय काम गरेको थियो । उपत्यकाका तीनै शहर र वरिपरिका क्षेत्रहरूमा गरेर जम्मा ३,२५६ अभिलेख संकलन गरिएको भए तापनि यहाँ लिच्छवि अभिलेखको बारेमा मात्र ध्यान केन्द्रीत गरेर त्यसको अवस्था वारेमा चर्चा गर्न लागिएको छ ।

ललितपुरको सर्वेक्षण गर्दा त्यस क्षेत्रमा ३३ वटा लिच्छवि अभिलेख भेटिएको थियो । अधिकांश अभिलेखको उतार राष्ट्रिय अभिलेखालयले पहिले नै लिई सकेको हुँदा अहिले अध्ययन गर्नेहरूलाई धेरै सजिलो भएको छ । हिरण्य महाविहारको क्वावुतलाई क्वापात र खपिन्छेलाई कपिन्डो लेखेकोले धेरै सकस परेको थियो । सुबहालको अभिलेख खिइएकोले पत्ता लगाउन गाह्रो भयो भने जलद्रोणीको अभिलेख भेटिएन । संवत् ९५ को अभिलेख मन्दिरको गारोतिर फर्काएर राखेकोले चिन्नै गाह्रो पर्‍यो । त्यस्तै, मंगहिटीको पानीमा अधिकांश महिना पानीको सतहले छोपिने संवत् ४९२ को शिलालेख संयोगवस पानी घटेको बेलामा फोटो खिचेर राख्न सफल भएका थियौ (फोटो १) । यसै स्थानमा लिच्छवि अभिलेख छोपेर ढुङ्गा छापेको जानकारी लिपि विशेषज्ञ श्यामसुन्दर राजवंशीबाट पाउदा आश्चर्य चकित भयौं । पाटन दरबारको भण्डारखाल बगैंचामा लिच्छवि अभिलेख भएको संवत् १७० को ढुङ्गेधारा पनि छ । संवत् ४११ को भगवती मूर्ति सम्बन्धी मानदेवको शिलापत्र कोबहालबाट भेटिए पनि उक्त शिलापत्र कहाँ छ भन्ने थाहा पाइएको थिएन । अहिले उक्त शिलालेख कोबहालको सुधम्माराम विहारको प्रवेशद्वारमै राखिएको भेटियो (फोटो २) । हालै भीमसेन मन्दिर अगाडिको सिंह स्तम्भबाट ३.०५ मि.पूर्व ढल खन्दा भेटिएको संवत् ५३६ को शिलालेखको सर्वत्र चर्चा छ (फोटो ३)। टंगालको बलरामको पादपीठको लिच्छवि अभिलेख ढोका बन्द भएकोले हेर्न सकिएन । त्यस्तै चापागाउँको ब्रह्माको पादपीठको अभिलेख गाढिएकोले देख्न सकिन्न ।

भक्तपुरमा लिच्छवि अभिलेख काठमाडौं, पाटनको तुलनामा ज्यादै कम भेटिएको छ । तौमढी मन्दिरको हातामा भएको संवत् ८८ को प्रस्तरको पानी भर्ने भाँडोमा भएको लिच्छवि अभिलेख कारणवश हेर्न सकिएन । चाँगुमा पनि भूकम्पले गर्दा काठ आदिले छोपेर राखिएको निरपेक्षको संवत् ४२७

* पूर्व प्रमुख राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को अभिलेख हेर्न पाइएको थिएन (फोटो ४) । स्तम्भ अभिलेख संवत् ३८६ पनि गाढिएकोले पुरै पढ्न नपाएको देखिन्छ । यसतर्फ कसैको ध्यान पुग्न सकेको छैन । पुरातत्व विभागले उत्खनन गरेर प्रकाशमा ल्याउन उचित होला भन्ने ठानेको छु ।

काठमाडौं महानगरपालिकाको वडा नं. १ देखि ३२ सम्मको सर्वेक्षण गर्दा जिपिएस (ग्लोबल पोजिसनिङ्ग सिष्टम) पनि राखिएको छ । एउटै स्थानमा धेरै लिच्छवि अभिलेख भएको स्थल पशुपति क्षेत्र हो । पशुपति प्राङ्गणको सूर्य मन्दिर (फोटो ५) र वासुकी मन्दिरको उत्तर पर्खाल (फोटो ६) मा हालसम्म प्रकाशनमा नआएको लिच्छवि अभिलेख श्यामसुन्दर राजवंशीले देखाई दिएका थिए । उनैले पूर्व ढोकाबाट बागमती जाने सिंढीको ढोकाको साँधमा लिच्छवि अभिलेख पुरेर राखेको बताएका थिए । चाँगुनारायणको अभिलेख भन्दा पुरानो संवत् ३८१ को अभिलेख खोज्दा कसैले कहाँ छ भन्न सकेनन् । भस्मेश्वर र सूर्य मण्डलको अभिलेख धुलो,तेल,कालो रंग आदिले देख्नै नसकिने अवस्थामा थियो । यसलाई सफा गरेपछि मात्र अभिलेख छ भन्ने थाहा भयो । पशुपति क्षेत्रमा काम गर्दा महेश भट्टले धेरै सहयोग गरेका थिए । पशुपति विकास कोषको हातामा भएको ढुङ्गाको थुप्रोमा संवत् १७३ को विजयदेवको अभिलेख भेटिएको थियो भने नरोत्तम वैद्यको सूचनाको आधारमा दक्षिणामूर्ति मन्दिर जाने बाटोको जलद्रोणीको अभिलेख ग्यारेजभित्र राखेको अवस्थामा फेला पऱ्यो । सबभन्दा महत्त्वपूर्ण उपलव्धी चाहिं धन्दो चैत्यको प्रसिद्ध लिच्छवि अभिलेखको आधा भाग चारुमती विहारबाट फेला पार्दा भयो (फोटो ७) । धन्दो चैत्यको अभिलेख आधा मात्र भएको तथ्य प्राचीन नेपाल १५९ को लेखमा छापिइ सकेको छ । त्यसैले त्यहाँ त्यसको अर्को आधा भाग देख्दा हाम्रो हर्षको सिमाना रहेन । दुवैको पाठ पढेपछि त्यो संवत् ४२१ को मानदेवको भन्ने थाहा भयो । यसले पहिले चलेको सबै भ्रम र अनुमान निमिट्यान्न पारी दियो । राममन्दिर पछाडि गुह्येश्वरी जाने सिंढीको छेउमा भएको उमामहेश्वर मूर्ति, स्नानघरसँगैको अंशुवर्माको शिलालेख तथा सत्यनारायण मन्दिर अगाडिको गरुड स्तम्भको अभिलेख पनि गाढिएकोले अध्येता तथा अनुसन्धान गर्नेहरूलाई असुविधा भएको छ । सम्पूर्ण अभिलेख पढ्न नपाउँदा अध्येतालाई सन्तोष हुने कुरै भएन । लिच्छवि अभिलेख विशेष गरी ओन्देनारायण, न्हुघः र ज्याबहालका शिलालेख ज्यादै असुरक्षित अवस्थामा छन् । तिनको यथाशीघ्र संरक्षण र सुरक्षा हुनु पर्छ । त्यस्तै यंगाल हिटीमा भएका लिच्छवि अभिलेखको केही भाग पानीमा डुबेर रहने हुँदा ढलको व्यवस्था गरी संरक्षण गर्नु पर्ने अत्यावश्वक छ ।

उपत्यका वरिपरि क्षेत्रका स्थानहरूमा सर्वेक्षण गर्दा(सूची ४) हिटीगा बलम्बुमा लिच्छवि अभिलेख पोखरी भित्र भएको पाइयो (फोटो ८) । त्यस्तै मातातीर्थ पोखरीको बीचमा पनि यक्ष मूर्तिमा लिच्छवि अभिलेख भएको भेटियो (फोटो ९) । सबभन्दा रोचक अनुभव सीतापाईलामा लिच्छवि अभिलेख खोज्न जाँदा सातकन्यामाई र पाँचकन्यामाई फस्कुमा ६ वटा नयाँ अभिलेख चट्टानमा कुँदिएको पत्ता लाग्यो (फोटो १०) ती मध्ये ५ वटा लिच्छवि अभिलेख थियो भने एउटा ने.सं. २९४ को पूर्व मध्यकालको थियो । त्यसले के देखाउँछ भने चट्टानमा अभिलेख लेख्ने थालनी लिच्छवि कालमा भए पनि त्यही चट्टानमा सँगसँगै पूर्व मध्यकालको पनि कुँदेको देख्दा लिच्छवि परम्परालाई निरन्तरता दिएको पाइन्छ । यसपटक धादिङ्गको केवलपुर (फोटो ११) टिस्टुङ्गको पाठशालाभित्र र बाहिर चौरमा, भट्वाल(फोटो १२), तौथली(फोटो १३), चित्लाङ्ग (फोटो १४), खोपासी (फोटो १५), वनेपा, साङ्गा, बाँसडोल (फोटो १६)को लिच्छवि अभिलेखहरूको फोटो तथा जिपिएस राख्न सकेकोमा सार्थक कार्य भएको लागेको छ । त्यस्तै, थानकोट, किसिपिडी, सतुंगल, बलम्बु, दहचोक, माल्यरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छवि अभिलेख अब पत्ता लगाउन गाह्रो परोइन ।

कतिपय लिच्छवि अभिलेख जानेर वा नजानेर पुरेको देखिन्छ । मंगहिटी पाटन, पशुपतिमा यस्तो देखियो भने स्वयम्भुको चुना घोल्ने स्थानमा मानदेव समयको २९ पंक्तिको अभिलेख पुरेको उल्लेख पाइन्छ (फोटो १७)। त्यस्तै, अंशुवर्माको समयको लिच्छवि अभिलेख प्रतापपुरमा थियो भने पनि त्यहाँ पाइएन । पछि भूकम्पले कर्मपा गुम्बा जीर्णोद्धार हुँदा त्यो शिलापत्र भित्तामा फर्काएर त्यसमा मूर्ति राखेको पाइयो । अहिले पुन प्रतापपुरमा असुरक्षित रुपमा राखिएको छ (फोटो १८)। पशुपतिमा गएर संवत् ३८१ को मानदेवको अभिलेख खोज्दा नभेटेको माथि उल्लेख भई सकेको छ । तर सौभाग्यवश भण्डाराघरको जीर्णोद्धार गर्ने क्रममा उक्त अभिलेख भेटिएकोले अब त्यसलाई स्नानघरमा बनाइन लागेको संग्रहालयमा राख्ने समाचार पढ्न पाइएको छ (फोटो १९)। पशुपति विकास कोषले लथालिङ्गरुपमा रहेको विजयदेवको सं.१७३ को शिलापत्र तथा जलद्रोणीका अभिलेखहरू पनि संग्रहालयमा व्यवस्थित गरेर राख्ने आशा गर्न सकिन्छ । त्यस्तै, भक्तपुरको माहेश्वरी मन्दिरमा गई खोज्दा नभेटिएको संवत् ३१ को अभिलेख हालै इनाचो टोलको घरको पेटीमा राखेको पाइएको छ (फोटो २०) ।

निष्कर्षः-

प्राचीन नेपालको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, तथा न्याय आदिको इतिहास बुझ्न लिच्छवि अभिलेख ज्यादै महत्त्व छ । यसमा तिथि, मिति, राजा, स्थान, कार्य आदिको उल्लेख हुने हुँदा क्रमबद्ध इतिहास लेखनको भरपर्दो स्रोत पनि हो । यसको साथै शीर्ष भागमा कुँदिने मूर्ति तथा भाषाले कला र साहित्यको पाटो पनि खुल्छ । धनबज्र बज्राचार्यले काठमाडौं उपत्यका बाहेक नाला, पलाञ्चोक, दुम्जा, गोरखा, जुम्ला आदि स्थानका जम्मा १९० लिच्छवि अभिलेख २०३० सालमा प्रकाशन गरेका थिए भने हरिराम जोशीले त्यही वर्ष १७५ वटा नेपालको प्राचीन अभिलेख प्रकाशित गरेका थिए । त्यसपछि धेरै लिच्छवि अभिलेख भेटिएको छ । त्यस मध्ये सबभन्दा प्राचीन धन्दो चैत्यमा इँटामा कुँदिएको "चारुवति थुप" (फोटो २१) र मालिगाउँमा पाइएको जयबर्माको संवत् १०७ (फोटो २२) को अभिलेख नै हो । अभिलेखमा एउटा शब्दमात्र भेटियो भने पनि इतिहासमा उलटपुलटको प्रमाण हुने प्रबल संभावना रहन्छ । तर दुःखको कुरा यहाँ त सिङ्गै अभिलेख जमिनमुनि गाढ्ने गर्दा हाम्रो चेतना माथि पनि प्रश्न उठ्छ । अग्रजहरूले दुःख र मेहनत गरी खोजेका कतिपय अभिलेख जर्गेना गर्न नसक्दा अहिले लोप वा हराइसकेका छन् । त्यसैले त्यसको गहन अध्ययन गरी भविष्यको पिंढीको लागि संरक्षण र सम्बर्द्धन गर्नु नितान्त आवश्यक देखिन्छ ।

सन्दर्भ ग्रन्थहरू :

१. धनवज्र वज्राचार्य, २०३०, लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

२. हरिराम जोशी, २०३०, नेपालको प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी ।

३. प्रकाश दर्नाल, २०६२, प्राचीन नेपाल, संख्या १५९, पुरातत्व विभाग, काठमाडौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१) मंगहिटी पाटन



२) सुधम्माराम विहार कोवहाल, पाटन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३) भिमसेन मन्दिर अगाडि ढल खन्दा प्राप्त सम्वत ५३६ को अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



४) चागुँनारायणको निरपेक्षको अभिलेख



५) पशुपती प्राङ्गणमा रहेको सूर्य मन्दिरको अभिलेख



६) पशुपती प्राङ्गणमा रहेको वासुकी मन्दिरको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





७) धन्दो चैत्य र चारुमती विहारमा छुटाछुट्टै फेलापरेको मानदेवको ४२१ को अभिलेख



८) हिटिगा वलम्वुको पानी भित्रको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९) मातातीर्थ कुण्डभित्र रहेको यक्ष सहितको लिच्छवि अभिलेख



१० क) सात कन्यामाई वाट प्राप्त चट्टान अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



१० ख) पञ्चकन्यामाई वाट प्राप्त लिच्छवि चट्टान अभिलेख

११) केवलपुरको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



१२) भटुवालको अभिलेख



१३) तौथलीको अभिलेख



१४) चित्लाङ्ग उदयदेवको अभिलेख



१५) खोपासीको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



१६) वासँडोलको लिच्छवि अभिलेख



१७) स्वयम्भु चुन घोल्ने स्थानको अभिलेख

१८) प्रतापपुरको अभिलेख

१९) पसुपतिको ३८१ को अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



२०) ईनाचोको संवत ३१ को अभिलेख



२१) चा रु व ती थु प, धन्दो चैत्य



२२) मालीगाउँबाट प्राप्त जयवर्माको १०७ को अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हालै प्राप्त पाटन भीमसेन मन्दिर निकटको लिच्छविकालका अभिलेख

- श्याम सुन्दर राजवंशी

मिति २०७८ पौष ५ गतेको दिन पाटन भीमसेन मन्दिर अगाडि ढल उत्खनन भइरहेको क्रममा लिच्छविकालीन शिलालेख भेटिएको खबरले निक्कै चर्चा पाएको घटना सर्वविदित छ । यसरी लिच्छविकालको तथ्य इतिहास प्रस्फूटन हुने शिलालेख भेटिए लगत्तै आकर्षित हुन पुगेका विभिन्न जिज्ञासाहरू तथा तथ्यहरू बुँदागत रुपमा राख्न चाहन्छु ।

१. शुरुमा लिच्छविकालीन शिलालेख फेला परेको सूचना पुरातत्वविद् श्री प्रकाश दर्नालबाट पाउनासाथ यो स्मरण भयो कि ल.पु. मंगलबजारस्थित भीमसेन मन्दिर अगाडि सडकमा ढल छोपी राखेको शिलामा अंकित अभिलेख भनेर पुस्तकहरूमा उल्लेख थियो । सायद त्यही अभिलेख फेरि फेला परेको होला भन्ने लागेको हो । तर स्थल मै गएर हेर्दा भनै खुसीको कुरो पाए । किनकि प्राप्त भएको उक्त अभिलेख हराइरहेको अभिलेख नभइकन नयाँ अप्रकाशित अभिलेख रहेछ भनी एकीन भयो ।

२. संयोग नै भन्नु पर्छ हराइरहेको अभिलेख पनि १५ पंक्ति कै थियो भने हालै प्राप्त अभिलेख पनि १५ पंक्ति कै छन् । तर हराइरहेको शिलालेख संवत् ५१६ वैशाखको थियो भने हाल प्राप्त भएको अभिलेखमा संवत् ५३६ ज्येष्ठ को मिति रहेको अवलोकनले एकीन गर्न पाइयो ।

३. यही सन्दर्भमा अरुपनि विभिन्न सन्दर्भहरू आकर्षित हुन आयो ताकि ती सन्दर्भहरू मध्ये यहीं भै रहेको उत्खननको क्रममा गत २०७८ भाद्र २९ को दिन भेटिएको पूर्व मध्यकालको नेसं ५९२ को शिलालेख पनि आकर्षित हुन्छ । यसको अतिरिक्त राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको शिलाफलक अभिलेख जुन शिलाफलक अभिलेख यही पाटन भीमसेन मन्दिर अगाडिको डवलीको अभिलेख थियो । साथै मंगलवजारको आठ मणि मध्ये एक मणि मणिचैत्य पनि हो । यो चैत्य पनि लिच्छविराजा मानदेवको पालामा बनेको भन्ने जनश्रुति पाइन्छ र संवत् ५३६ कै गोकर्ण बालुवा गाउँको अंशुवर्माको अभिलेख पनि यहाँ स्वाभाविक रुपमा अपरिहार्य तवरले आकर्षित हुन आएको छ ।

४. हालको ललितपुर इलाकाका दृष्टिकोणले ललितपुरमा मात्रै लिच्छविकालका अभिलेख यो समेत गरी ४५ थान पुगेको देखिन्छ । लिच्छविकालमा प्रसिद्ध रहेको कैलासकूट भवनबाट जारी भएको अभिलेख मात्रै वुंगमतिको अभिलेखदेखि जयदेवको ज्ञानेश्वरको अभिलेखसम्ममा २६ थान पुगेको देखिन्छ ।

* लिपिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. शिलामा दाँयाबाँया मृगश्रावक र बीचमा धर्मचक्रको चिन्ह देखा पर्नु भनेको बौद्धविहार चिन्ह भनी बोध हुन आउँछ। यस प्रकारको चिन्ह स्वयम्भु, तुकंवहाल, पशुपति ,जयवागीश्वरी, धन्दो चैत्य गोकर्ण, गोकर्ण महाँकाल, राष्ट्रिय संग्रहालयमा राखिएको शिलाफलक र हाल फेला परेको शिलालेखमा पनि पाइएको छ । मृगश्रावक चिन्ह उस्तै भए पनि धर्मचक्रको चिन्ह भने फरकफरक रहेका छन् ।

६. लिच्छविकालमा अति प्रभावशाली व्यक्तित्वको रुपमा चिरपरिचित व्यक्तिको नाम अंशुवर्मा हो । उनको नाम लिच्छविसंवत् ५१६ देखि लिच्छवि संवत् ५४५ सम्मको अभिलेखमा देखापर्ने गरेको पाइन्छ । ती मध्ये लिसं ५१६ देखि ५२६ सम्म अंशुवर्माको नाम राजा शिवदेव प्रथमसँग संयुक्त शासकको रुपमा देखा परेको पाइन्छ भने लिसं ५२९ देखि लिसं ५४४ सम्म एकल शासकको रुपमा देखापरेको हामी पाउंछौं । यहाँ अत्यन्त ध्यानाकर्षण योग्य तथ्य यो छ कि अंशुवर्माले लि.सं ५२९ लाई २९,५३०लाई ३० ,५३१लाई ३१ , ५३२लाई ३२ , ५३४लाई ३४ गरियो भने लि.सं ५३५ र ५३६ का अभिलेखहरूमा साविक जस्तै पूर्ण रुपमै संवत् अंकित गराएको पाइन्छ । त्यस उप्रान्त लि.सं ५३७ लाई फेरि संक्षिप्त लि.सं ३७ गर्दै प्रयोग गर्दै गएको तथ्य अभिलेखहरूबाटै पुष्टि भइरहेका छन् ।

७. अंशुवर्माका ती अभिलेखहरूमध्ये लि.सं ५१६ को अभिलेख भनेको हराइरहेको पाटन भीमसेन मन्दिरको अभिलेख पहिलो हो । यसमा अंशुवर्मालाई श्रीसामन्त भनिएको छ। त्यसपछिका अभिलेखहरूमध्ये संवत् ५३६ पौषसम्मका अभिलेखहरूमा श्रीमहासामन्त भनिएको छ भने संवत् ५३६ ज्येष्ठको हाल भेटिएको अभिलेखमा श्रीमहासामन्त भनिएको छैन । तिस्तुंग तोखेलको संवत् ५३७ (३७)को अभिलेखमा फेरि श्री महासामन्त उल्लेख छ । त्यसपछिका अभिलेखहरूमा श्र्यंशुवर्मा, श्री कलहाभिमानी उल्लेख छन् भने चितलाङ्को लि.सं ५४५(४५) को उदयदेवको अभिलेखमा अंशुवर्मालाई श्री महाराजाधिराज उल्लेख गरिएको छ ।

८. हाल पाटन भीमसेन मन्दिर अगाडि भेटिएको अभिलेखमा अंकित संवत्को अंक ५३६ नै सही हो किनकि माथि नै भनीसकेको छु कि यस अभिलेखको सम्बन्धमा अध्ययन गर्दा गोकर्ण बालुवा गाउँको संवत् ५३६ को अभिलेखको सन्दर्भ अपरिहार्य तवरले जोडिन आउँछ । यो सन्दर्भ उल्लेख गर्नुको मुख्य तात्पर्य नै यही कि यी दुवै अभिलेखका संवत् ५३६ को अंक एउटै किसिमको छ । अतः यसमा संवत् ५३६ को एकांक अक्षर ६ को ठाउमा ९ भनेर पढ्न सकिने अवस्था विल्कूलै छैन । यदि यसकुरा विश्वास नलागेमा एकांक अक्षर ९ उल्लेख भएका थुप्रै अभिलेखहरू पाइन्छन् । तुलना गरेर हेर्न सक्नु हुन्छ ।

९. यस अभिलेखमा उल्लेख भएको मुख्य विषयवस्तु भनेको तत्कालीन राजा श्री अंशुवर्माले कैलासकूट भवनबाट आज्ञा जारी गरेको बारेमा छ । त्यस आज्ञामा उहिलेका राजा श्री वृषदेवले स्थापना गरेको धातुचैत्यरथलाई नयाँ मन्दिरको स्वरुप बनाइ यसको दैनिक एवं पर्व पूजा गर्न गुठी र आयस्ताको व्यवस्थाको लागि आज्ञा गरिएको भन्ने छ भने पूजा गुठीको लागि भगवद्वाशुदेव गोष्ठीलाई र आयस्ताको लागि योव्रङ्ग्राम, लवणग्राम र सौपलिङ्गग्रामका पाञ्चालिकालाई आज्ञा गर्दै यसमा कुनै किसिमको विचलन नआओस् र चित्त बुझ्ने गरी खर्च उपलव्ध होस भनी चाहिने अधिकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुम्पी धेरैकालसम्म रहोस् भनी शिलापत्र सनद राखी निगाह गरियो भनिएको छ ।

१०. चाँगुनारायणको संवत् ३८६ को स्तम्भलेखमा राजा मानदेवले आफ्नो जिजुबाजेको नाम वृषदेव उल्लेख गरेको र त्यस्तै अर्को अभिलेख पशुपतिको संवत् ३८१ को अभिलेखमा पनि त्यसतै प्रकारले बृषदेवको नाम उल्लेख छ । अहिले प्राप्त भएको संवत् ५३६ को अंशुवर्माको अभिलेखमा श्री वृषदेव राज कारित धातुचैत्यरथ भनी स्पष्ट उल्लेख आएको छ । जयदेव द्वितीयको पशुपति अभिलेखको लिच्छवि वंशावलीमा बृषदेवलाई राजामा उत्तम र बौद्ध धर्मको पक्षपाती भनी बयान गरिएको छ । अन्य वंशावलीहरूमा पनि वृषदेवलाई बौद्ध धर्मका अनुयायी भनी जुन वर्णन हुनु र अहिले उनले बनाएको धातुचैत्यरथको उल्लेख आउनुले उनको बारेमा चर्चेको वर्णनहरू सबै वास्तविक सत्य रहेछ भनी पुष्टि भएको छ ।

११. प्राप्त भएको यस अभिलेखमा श्री वृषदेव राज कारित धातुचैत्यरथ भनी प्रष्टसँग उल्लेख आएको छ । यसमा धर्मधातु वा वज्रधातु भन्ने अर्थलाग्ने गरी उल्लेख भएको भए त्यही अनुसार बुझ्नु पर्ने हुनेथियो । तर यसमा धातुचैत्यरथ भनेर उल्लेख भएकोले अवश्य पनि यो धातुबाट निर्मित चैत्यरथ नै हुनुपर्छ भन्ने बुझाइ हुन आउँछ । वंशावलीहरूमा उल्लेख भए अनुसार नेपालमा धातुबाट निर्मित वस्तु इसापूर्वकालमै प्रयोगमा थिए भन्ने पाइन्छ तर नेपाल मै बनाइन्थ्यो भन्ने उल्लेख गर्ने आधार थिएन । राजा मानदेवको पालामा धातु मुद्रा मानांक प्रचलन भएको आधारमा धातुकला थियो भन्ने अनुमान अवश्य गर्न सकिन्थ्यो । तर त्यतिबेलाको कलात्मक वस्तु यही भनी देखाउने उहाहरण भने दिन पाइने स्थिति भइरहेको थिएन । अहिले प्राप्त भएको अंशुवर्माको पालाको अभिलेख भएपनि बृषदेवको पालामा बनेको धातुनिर्मित चैत्यरथ विद्यमान थिए भन्ने बोध गर्दछ । यसले राजा वृषदेवको पाला मै नेपालमा धातुकलाको निक्कै विकास थियो भन्ने पनि पुष्टि हुन आउँछ ।

१२. शिवदेव र अंशुवर्माको संवत् ५२६ को लेलेको अभिलेखमा भगवद्वाशुदेव ब्राम्हण गोष्ठीको उल्लेख छ र अहिले पाइएको अभिलेखमा भगवद्वाशुदेव गोष्ठीको उल्लेख आएकोले यी दुई नामको गोष्ठी एकै प्रकारको हुनसक्ने देखिन्छ । इतिहासकारहरूले यस अघि ब्राम्हण समेत उल्लेख आएकाले हिन्दु देवदेवालयको मात्र रेखदेख यो गोष्ठी बाट हुन्थ्यो भन्दै आएका थिए भने अहिले प्राप्त भएको अभिलेखमा अंशुवर्माले बौद्ध धर्मका धातु चैत्य रथ सहितको मन्दिरको सम्पूर्ण रेखदेख यही भगवद्वाशुदेव गोष्ठीलाई नै सुम्पेको तथ्य प्रकाश हुन आएको छ ।

१३. शिवदेव र अंशुवर्माको संवत् ५२६ को लेलेको अभिलेखमा भगवद्वाशुदेव ब्राम्हण गोष्ठीको उल्लेख हुनु र यस प्राप्त अभिलेखमा पनि भगवद्वाशुदेव गोष्ठीको उल्लेख आएबाट अभिलेखमा उल्लेख आएको आधारमा योब्रङ्ग्राम, लवण ग्राम, सौपलिङ्ग ग्राम पनि लेले कै निकटस्थ ग्रामहरू थियो कि भन्ने अनुमान हुन आउँछ । तर एकीनका साथ भन्न सकिने अवस्था भने छैन । एउटा आश्चर्य कुरो लिच्छविकालका झण्डै अढाइ सय थान अभिलेख प्राप्त भइसकेको भए तापनि यी नामहरू भने कतै पनि देखापरेको छैन । अभिलेखमा लवण ग्राम जुन उल्लेख छ यसमा बढी जोड दिएर विचार गर्दा त्यो बेला उपत्यकामा नून आउने ठाउँलाई सायद लवण ग्राम भनिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पो होकि भन्ने संभावना छ भने नून आउने ठाउँ प्राय: उत्तर भेगबाट आउने हुनाले त्यो भेगको आसपासका गाउँ होकि यो पनि संभावना बलियो छ । जेहोस् यी तीनै गाउहरूमा बौद्धधर्ममा आस्था राख्नेहरूको संख्या धेरै थियो अथवा चैत्यरथसित प्रत्यक्ष सम्बन्ध थियो भन्ने चाँहि सहज अनुमान हुन आउँछ । किनकि वृषदेवले बनाएको धातुचैत्यरथको लागि चाहिने आयस्ता यी गाउँका पाञ्चालीहरूले उपलव्ध गराउँथ्यो भन्ने तथ्यको खुलासा हुन्छ ।

१४. पाटन दरवार केशवनारायणचोकमा रहेको संवत् ५६७(६७) को अभिलेख मात्रै देखापरेकोले कुमारामात्यको पदविको पहिलो उल्लेख भनी यही अभिलेख औंल्याउने गरिन्थ्यो । अहिले त्यो भन्दा अघिको संवत् ५३६को अभिलेख मै कुमारामात्य को उल्लेख भएको प्रमाण भेटिएको छ । संवत् ५३६ को अभिलेखमा कुमारामात्य पदवी धारण गरेको व्यक्ति चन्द्रजीव थिए भने संवत् ५६७(६७)को अभिलेखमा कुमारामात्य पदवी घारण गरेको व्यक्ति प्रीयजीव नामक व्यक्ति रहको थियो । सायद चन्द्रजीव र प्रीयजीवबीच नातामा पनि नजिक को सम्बन्ध हुनसक्छ कि भन्ने संभावना देखिन्छ ।

प्राय इतिहासकारहरूले राजामात्य भन्नाले राजाले अह्राएको काम गर्ने र कुमारामात्य भनेको युवराजले अह्राएको काम गर्ने अति विश्वासिलो व्यक्तिलाई दिने पदवी भनी व्याख्या गर्दै आएको छ यसको मतलव कुमारामात्य भनेको युवराजको सेक्रेटरी जस्तो भन्ने भयो । तर यो व्याख्या पनि त्यति सटिक होइन कि किनकि संवत् ५६७ मा राजा नरेन्ददेवको सेक्रेटरी भएर प्रीयजीवले काम गरेको र संवत् ५३६ मा स्वयं राजा अंशुवर्माको सेक्रेटरी भएर काम गर्ने चन्द्रजीव देखापरेकोले कुमारामात्य पनि राजा कै सचिव जस्तो पदवी थियो भनी खुलासा हुन आएको छ ।

१५. पाटनमा ज्येष्ठ शुक्ल पूर्णिमाको दिनको स्मरण अति महत्वपूर्ण रही आएको छ । किनकि अहिले पनि ज्येष्ठ शुक्ल पूर्णिमाको दिन सिद्धिनरसिंह मल्लको कृष्णलीलाको चित्र र श्रीनिवासमल्लको सुनमोलम्वा सिंहासन कृष्णमन्दिर अगाडि प्रदर्शन गर्ने चलन छ । यो अभिलेखमा अंशुवर्माले संवत् ५३६ को ज्येष्ठ शुक्ल पूर्णिमा कै दिन वृषदेवले स्थापना गरेको धातुचैत्यरथलाई नयाँ मन्दिरको स्वरुप दिए भनी शिलालेखमा उल्लेख आए बाट ज्येष्ठ शुक्ल पूर्णिमाको सांस्कृतिक महत्त्व वृषदेवको पालादेखिनै अविछिन्न रुपले कायम थियो कि भन्ने अनुमान सहजै हुन आउँछ ।

यो प्राप्त अभिलेखको सबभन्दा झकास दिने महत्त्वपूर्ण तथ्य भनेको यसमा संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिमा मिति उल्लेख आउनु हो । किनकि लिच्छविकालमा दुइथरि संवत् चलेको र ती दुईथरि भनिएका संवत् शक संवत् र मानदेव संवत् भनी वकालत गर्दै आएका तमाम यसका हिमायति इतिहासहरूको मुखमा बुझो लाग्न गएको छ । हुनत आजभन्दा ३२ वर्ष अघि भेटिएको गोकर्णवालुवा गाउँको अभिलेखले नै लिच्छविकालमा दुईथरि संवत् चलेको पनि होइन र शक र मानदेवसंवत् पनि होइन भनी सिद्ध भइसकेको थियो । फेरि पनि ५३६ को अभिलेख प्राप्त हुनु भनेको अघिसिद्ध भएको तथ्यलाई थप बल प्रदान गरेको छ । यसलाई फेरि बहसको विषय बनाउन चाहनेहरू छन् भने काठमाडौं ज्यावहालको संवत् ५३५ को अभिलेख र यसको बारेमा व्यक्त हुँदै आएका इतिहासकारहरूको एकै किसिमको धारणाहरूको नै पहिले हृदयंगम गरुन् र त्यसपछि अंशुवर्मा कै अभिलेख संवत् ५३६को किन प्राप्त हुन्छ त भन्ने सवालजवाफ हुनसक्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रमाणहरू

१. प्राप्त अभिलेखको पाठ, भावार्थ, तारिख गणना

हाल सम्मको रेकर्ड अनुसार ललितपुरमा मात्रै ४४ थान लिच्छकिालका अभिलेख प्रकाशित भइसकेको देखिएकोमा अहिले प्राप्त भएको पाटन भीमसेन मन्दिर अगाडि ढल उत्खनन गर्ने क्रममा गत पौष ५ गते २०७८ मा देखा परेको अभिलेख पनि थप भै ४५ पुगेको हो । यो अभिलेख अप्रकाशित अवस्था कै भएकोले यहाँ पहिलो प्रकाशको लागि प्रस्तुत गरिएको छ । यसमा दोस्रो पंक्ति, आठौं पंक्ति बाह्रौंपंक्ति र तेह्रौं पंक्तिका अधिकाँश अक्षर मेटिएको र प्रकारान्तर अनुमान गर्न पनि कठिन भएको ठाउँमा जति वटा अक्षर अस्पष्ट छन् त्यति नै अंक संख्या दिएर बाँकी पाठ पढिएको छ । शिलालेखको नाप ६ फीट लामो भएतापनि अभिलेख अंकित र कलात्मक चित्र सहितको भाग मात्रैको नाप ८५ सेमि लम्वाई र ५२ सेमि चौडाइ रहेको छ । यसमा प्रयुक्त लिपि लिच्छवि लिपि, भाषा संस्कृत छ । यसमा अंकित संवत् मिति ५३६ ज्येष्ठ शुक्ल पूर्णिमा तद्नुसार इ.सं. ६१३ जून १० तारिख आदित्यवार, वि.सं. ६७० जेष्ठ २६ गते आदित्यवार पर्दछ । यो अनुमान होइन गणना बाटै आएकोले गणना समेत तल दिइएको छ ।

लिप्यान्तर पाठ

१. **ॐ स्वस्ति कैलासकूट भवनाद विचलित कर्मफल रत्न सम्यक(१,२)**

२. **(१,२,३,४,५,६,७,८,९) योब्रङ् ग्राम लवण ग्रामाथः सौपलिङ्गग्राम निवासि**

३. **न कुटुम्विन (यथा) प्रधानङ्कुशलमाभास्य समाज्ञा पयति विदितम्भवतु भ**

४. **वताङ्(शुवर्मन,१,२,३).श्री वृषदेव राजकारित धातुचैत्य रथ कृ(यन)**

५. **पश्चाद्भि(१,२,३,४,५) प्रवेशे नवः प्रासाद कृतो भगवद्वाशुदेव**

६. **(१,२) गौष्ठि (१,२) च निमित्तं योब्रङ्ग्राम पाञ्चालिकेभ्यो दिग विकासार्थ**

७. **(१,२)विलिविक्ष (१,२,३) दे (१) लवण ग्रामेण सोम्पलिङ्ग ग्राम पाञ्चालिके**

८. **भ्य तुष्ट (१,२,३,४,५,६,७,८) स्तैर र्धशायद्विभकस्यम्प्रति. (१,२,३)ञ्चतु पण**

९. **सहित सभव (१,२) तरेव स्नातभूर्त्तरागत्य सर्वै : सम्य परि धम्म वदा.**

१० **तद्यथा वदु (१,२,३,४,५)म्परिभ्रम्य स्व मां ७ सन्नसंप्राप्नोती (१,२,३,४,५)**

११. **प्रसादोपजीविभिण्यैर्वा न कैश्चिदयम्प्रसादोन्यथा कर (१,२)**

१२ **(१,२,३,४,५,६,७).न्यथाकुर्यात्तम राजाज्ञाव्यतिक्रमकरिण (स्तीव्रं १)**

१३. **(१,२,३,४,५,६,७,८)भविष्यद्भि भूपतिभि (१,२) कृत प्रसादानुपालना दृतैर्ना**

१४. **वृति भाव्यञ्चिरस्थितयेचास्य प्रसाद शिलापट्ट शासन मिदन्दत्त मितिस्व.**

१५. **यमाज्ञा दूतकोत्र कुमारामात्य चन्द्रजीव ।। संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिम्यायाम्**

(पढ्न नसकिएको ठाउँमा अक्षरको संख्या अंकमा दिइएको छ शिलापत्रलाई अझै सफा गरी पढेर निकट भविष्य मै भर्नको लागि कोशिस गर्दै जाने विश्वास दिलाउन चाहन्छु)

भाषान्तर भावार्थ

कल्याण होस् । कैलासकूट भवन(दरवार)बाट आफ्नो कर्ममा विश्वास गरी अलिकति पनि विचलित नभई मेहनत गर्ने योब्रङ्ग्राम, लवण ग्राम त्यो भन्दा माथिका सोम्पलिङ्ग्रामका निवासी जनता र त्यहाँका प्रधानहरूलाई कुशल मंगल सोधेर आज्ञा गर्नु भएको छ ।

श्री अंशुवर्माले राजा श्री वृषदेवले बनाएको धातु चैत्यरथ स्थापित रहेको लाई नयाँ मन्दिर बनाइ दियो । यसको दैनिक पूजाको लागि भगवद्वाशुदेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गोष्ठीलाई नै जिम्मा दिइयो ।यसमा कुनै किसिमको विचलन नआओस् भनी गोष्ठीलाई चित्त बुझ्ने गरी खर्च उपलव्ध गराउन योब्रङ्ग्राम , लवण ग्राम तथा सौपलिङ्ग्राम पाञ्चालिका समेत तीनै पाञ्चालिकाहरूलाई अधिकार सुम्पियो । यो कुरा तिमीहरूलाई थाहा होस् ।

तसर्थ, यो कुरा थाहा पाएर हाम्रो तरफबाट जीविका चलाउनेहरूले र अरुहरूले पनि कसैले यो धर्मको कामलाई अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला त्यसलाई हामी सहने छैनौं । पछि हुने राजाहरूले पनि नियम कानून लाई ठूलो संझेर धर्मको कामको पालना आदरपूर्वक गर्नुपर्छ । यो निगाह धेरैकालसम्म रहोस् भन्नाका निमित्त शिलापत्रको शासन (सनद) राखी निगाह गरिएको छ ।

संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिमा । यस वातका दूतक(मार्फत) कुमारामात्य चन्द्रजीव छन् ।

तारिख गणना:

संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिम्यायाम्

हालै पाटन भीमसेन मन्दिर अगाडि भेटिएको लिच्छविकालीन शिलालेखमा अंकित मिति यो पाइएको हो ।

अभिलेखमा दिइएको मिति: संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिम्यायाम्

सिद्धान्त अनुसार यो शक पूर्व २ को लिच्छवि संवत् भएकोले यो शक ५३४ को कार्तिक देखि शक ५३५ को आश्वीन सम्म रहन्छ । तव लि.सं. ५३६ ज्येष्ठ भनेको तद्नुसार शक ५३५ ज्येष्ठ हो ।

इष्ट शक : शक ५३५ (किनकि ज्येष्ठमा शक ५३५ हुने भएकोले) इष्ट इश्वीसन: सन ६१३ । शक ५३५ मा ७८ जोड्नु पर्ने भएको) शकमा ७८ जोडे इस्वीसन हुने सर्वविदित हो ।

तिथिगण : ज्येष्ठसम्म आउन - अधिमास १, चै१, वै२, + जे१५ दिन =३ X ३०+१५=१०५ दिन । शक ५३५ मा अधिमास परेको र ५३६ पौषको गोकर्ण वालुवा गाउको अभिलेखमा पनि अधिमास परेको हुनु)

उपकरण दिन मेष तिथ्यन्तमा दिन २६ आएकोले १०५ –२६=७९ उपकरण

न्यास संख्या १

विवरण	शक	ति.शु	वार	इसं	तारिख	र.क	च.क
ध्रुव कोष्ठ १	–७८	२४.६०	५.६९	०	१८.९४[१]	१०५.७	२८१.५
गतिकोष्ठ१	६००	७.४५	४.८२	६००	३.८२	३५८.०	७३.६
गतिकोष्ठ२	१२	१२.७५	१.०७	१२	०.०७	०.०	२३१.९
	१	११.०६	१.२६	१	०.२६	०.०	३१९.३
					५९.००[६]		
मेषादौ	५३५	२५.८६[५]	५.८४[४]	६१३	८२.०९	१०३.७[३]	१८६.३[२]
तिथिभोग्यम्		+०.१४	+०.१४		+०.१४	+०.१४	+०.१४
कालान्तरम्–			+२.४६		+२.४६	–०.२१	+१.६९
मेष तिथ्यन्त		२६.००	१.४४		८४.६९	१०३.६३	१८८.१३
गतिकोष्ठ३को पूर्वार्ध		७०.००	५.९०		६८.९०	६७.९	६०.२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

		९.००	१.८६		८.८६	८.७	७.७
		१०५.००	२.२०		१६२.४५	१८०.२३	२५६.०३
ज्येष्ठ शुक्ल पूर्णिमा को रवि पराख्य र चन्द्रपराख्यको अन्तरस्पष्ट तिथ्यन्त ऋणम्			−०.४२		−०.४२	−०.०१८	−०.४०९
			१.७८		१६२.०३	अन्तर −०.४२	
			−०.७८		−०.७८		
			१.००		१६१.२५		
सूर्योदय कोष्ठ ४				जून	−१५१.००		
					१०.२५		
			आदित्यवार		जून १०		

१. प्राचीन रीतमा दिइएको अंश ।२. योगफल लाई ३६०ले भाग गरी शेष फल ३. योगफल लाई ३६०ले भाग गरी शेष फल। ४. योगफल लाई ७ ले भाग गरी शेष फल ।५. योगफल लाई ३० ले भाग गरी शेष फल । ६ साधारण वर्ष भएकोले ।

परिणाम:–शक ५३५को ज्येष्ठ सम्म को तिथिगण १०५ । लिच्छवि संवत् ५३६ ज्येष्ठशुक्ल पूर्णिमाको तारिख गणना गर्दा इश्वीसन ६१३ जून १० तारिख आदित्यवार आयो । शक ५३५, विसं ६७० ज्येष्ठ २६ गते आदित्यवार पर्न आउँछ । तारिख आए पछि गते सहजै आउने अनुसार गते ल्याइएको हो ।

तारिखबाट तिथि गणना

इस्वीसन् ६१३ जून १० तारिख आइतवार

हालै पाटन भीमसेन मन्दिर अगाडि भेटिएको लिच्छविकालीन शिलालेखमा अंकित मिति को तारिख गणना गर्दा आएको हिसाबबाट इ.सं. ६१३ जून १० तारिख आएकोमा यही तारिखबाट तिथि गणना गर्दा जेष्ठ शुक्ल पूर्णिमा आउनुपर्छ । गणना यस प्रकार छ

अभिलेखमा दिइएको मिति: संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिम्यायाम्

सिद्धान्त अनुसार यो शक पूर्व २ को लिच्छवि संवत् भएकोले यो शक ५३४ को कार्तिकदेखि शक ५३५ को आश्वीनसम्म रहन्छ । तव लि.सं. ५३६ ज्येष्ठ भनेको तदनुसार शक ५३५ ज्येष्ठ हो ।

इष्ट शक : शक ५३५ (किनकि ज्येष्ठमा शक ५३५ हुने भएकोले) इष्ट इश्वीसन: सन ६१३ । शक ५३५ मा ७८ जोड्नु पर्ने भएको) शकमा ७८ जोडे इस्वीसन् हुने सर्वविदित हो ।

जेष्ठ महिना भनेको जून महिना आउने हुँदा । जनवरी ३१ फरवरी २८(साधारण वर्ष भएकोले) मार्च३० अप्रील३१ मे ३१ जून १० यी सव जोड गर्दा जम्मा दिन १६१ हुन आउँछ ।

उपकरण दिन तारिखान्तमा दिन ८५ आएकोले १६१ – ८५=७६ उपकरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

न्यास संख्या २

विवरण	शक	ति.शु	वार	इसं	तारिख	र.क	च.क
मेष तिथ्यन्त	५३५	२६.०० ००.३१	१.४४ ०.३१	६१३	८४.६९ ००.३१	१०३.६३ ०००.३	१८८.१३ ०००.३
तारिखान्त		२६.३१	१.७५		८५.००	१०३.९३	१८८.४३
गतिकोष्ठ ३को पूर्वार्ध		७१.१२	०.००		७०.०	६७.९	६०.२
		६.१०	६.००		६.००	५.८	५.२
तिथिद्वयेकरणे गति						१.०	०.९
		१०३.५३	०.७५		१६१.००	१७८.६३	२५४.७३
		+०.०९८				+०.०००	+०.०९८
		१०३.६२				अन्तर+०.०९८	

अवयव समेत लिदा तिथि १०४ जेष्ठ शुक्ल पूर्णिमाको तिथि हो । यसमा मध्यरातको वार शनिवार र सूर्योदयकालको वार आइतवार सिद्ध हुन आएको छ ।

परिणामः–शक ५३५को ज्येष्ठसम्मको तिथिगण १०५ । लिच्छवि संवत् ५३६ ज्येष्ठशुक्ल पूर्णिमाको तारिख गणना गर्दा इश्वीसन ६१३ जून १० तारिख आदित्यवार आयो । शक ५३५, विसं ६७० ज्येष्ठ २६ गते आदित्यबार पर्न आउँछ । तारिख आए पछि गते सहजै आउने अनुसार गते ल्याइएको हो ।

२. राष्ट्रिय संग्रहालयमा सुरक्षित रहेको शिलाफलक अभिलेख ।

यस अभिलेखको सम्बन्धमा हरिराम जोशीको नेपालको प्राचीन अभिलेख नामक पुस्तकमा संघ,कूप शब्दको प्रयोग भएको छ । जसले कुनै एक विहार निर्मित गरी आवश्यक बन्दोबस्त मिलाएको कुरा वर्णित भएको अनुमान हुन्छ । लोकोत्तर विहारहरूमा स्तूप, कूप, प्रपा, आरामहरू हुने कुरा निश्चित भएको उल्लेख गरेका छन् ।

यसमा जम्मा ११ पंक्ति अभिलेख त छन् तर धेरै नै खिइएको अवस्था छ । लिपि चाँही मानदेव प्रथमकालीन लिपिसँग मेल खान्छ । हुनसक्छ यो अभिलेख वृषदेव कै पालाको भन्ने संभावना गर्न सकिन्छ ।

पाठ

१. ......त्वोत्र सङ्घाय....................अनार्दिनिबन्धनम् संसारस्य.................
२..........योः पूजार्थमाश्वयुजः कृष्ण.....................त पु.......रपदं प निमित्त...........
३.........डिचिचदिमृदेशे................भिध.................................रक्षोत्रवसा
४...ति........राजानं
५........ना..खितस्य
६...तः ४०।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७......कूप..त्वाखाद्यतो
८....भिः...श ज...
९...दश मानिका..तो मानेभ्या
१०................(वि)हारस..................................प्रदेशे क्षेत्र.........चतुर्विंशतिकया १०
११.................खृङप्रदेशे क्षेत्र................प्रदेशे क्षेत्र.............विंशत्यादश मानिका
(नोली द्वारा ४५ संख्यामा, वज्राचार्यद्वारा ९९ संख्यामा, जोशीद्वारा ९४ संख्यामा, रेग्मीद्वारा XCII]

(अभिलेखमा पनि सङ्घ शब्दको उल्लेख आएको छ। यो कुनै भिक्षुसङ्घ हो भन्ने देखिन्छ।खेतहरू गुठी राखेको चर्चा पनि यसमा परेको छ। एक ठाउँमा कूपको पनि उल्लेख आएको छ। यसमा पूजा आजा र भिक्षुसङ्घको लागि भोजनपानीआदिको बन्दोवस्त मिलाईगुठी राखी कुनै दानपनिले यो अभिलेख राख्न लाएको देखिन्छ)

३. संवत् ५३६ को गोकर्ण वालुवा गाउंको अभिलेख

१ ॐ त्रैधातुकक्लेशतरुंस्परन्तञ्चतुर्विधानासृतधीभुजेन। समूल
२. मुन्मूल्यादिदेशमार्ग्गम्मोक्षस्य यस्तन्नमतादरेण॥ स्वस्ति कैलास
३. कूटभवनाच्छीमहासामन्ताङ्शुवर्म्मा कुशली अहिदुंकोट्ट्ग्रामनि
४. वासिनः कुटुम्बिनो यथाप्रधानङ्कुशलमाभास्य समाज्ञापय
५. ति विदितमस्तु वो स्माभिरियमङ्कृतसीमनिर्णयः स्व
६. कारितक श्रीराजविहारे चतुर्दिशान्य भिक्षुसङ्घाय
७. प्रतिपाद्य तदाज्ञासम्पादनेन परितुष्टैर्यत्र मल्लकर प्रति
८. वद्धकुटुम्बिनो निवसन्ति तेषाम्मल्लकरापह्रासेन वः प्र
९ सादः कृतस्तदतः परमितङ्ग्रामनिवासिभिर्मल्लकरम
१०.नृष्यैचत्वारः पणा मल्लकरवृत्तिभुजे देयाश्चिरस्थित
११. ये चास्य प्रसादस्य शिलापट्टकशासनं मिदन्दत्त
१२. न्तदेवं वेदिभिरस्मत्पादप्रसादोपजीविभिर्न केश्चि
१३. देष प्रसादोन्यथा करणीयो यस्तन्यथाकुर्य्यात्कारयेद्वा त
१४. महमुत्पथप्रवर्तितन्न मर्षयिष्यामि भाविभिरपि भूपतिभि
१५. गुरुकृतप्रसादानुवर्तिभिरेव भाव्यन्दूतकश्चात्र महासामन्त
१६. श्रीभोगवर्मा संवत् ५३६ द्वितीय पौषशुक्लपञ्चम्याम्॥

भावार्थ

क्लेशरुपी तीन धातु जसले ठूलो रुख झैं झांगिएर बसेको हुन्छ यसलाई चतुर्विधान बुद्धिरूपी भुजाद्वारा जसले जरैदेखि समूल नाश हुने गरी फाल्न सक्छ उसले मात्र मोक्षाको बाटोमा लाग्न सक्छ।
कल्याणहोस्। कैलासकूट भवनबाट श्री महासामन्त अंशुवर्माले अहिदुं कोट्ट ग्रामका निवासीहरू र प्रधान समेतको परिवारहरूलाई कुशल मंगल सोधेर आज्ञा गर्नु भएको छ। तिमीहरूलाई थाहा होस्
हामीले सीमा निर्धारण गरेको गाउँमा आफैले श्री राजविहार बनाइ त्यसको चार दिशाका भिक्षुसङ्घसित सहमति लिएर मल्लकर घटाइ दिने व्यवस्था गरी दिएका छौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मल्लकर लागेका परिवारहरू यो निगाहबाट अति सन्तुष्ट छन् । सीमाङ्कित गाउँका निवासी परिवारहरूले मल्लकर स्वरुप ४ पण वृत्ति पाउने मानिसलाई बुझाउनु पर्ने गरियो । यसैगरी पछिसम्म यो नियम कायम गर्नका लागि शिलापत्रको शासन(सनद) राखी निगाह गरिएको छ ।

तसर्थ यो कुरा थाहा पाउनेहरूले यो नियमलाई अन्यथा नगर्नु कदाचित् अन्यथा गरी नियमको विरुद्धमा लागेमा हामीले सहने छैनौं । यही बमोजिम पछिका राजाहरूले समेत यसलाई गौरवपूर्ण मानेर कायम गर्दै जानेछ । यस वातका दूतक साक्षी महासामन्त श्री भोगवर्मा छन् ।

संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चमी ।

(भावार्थमा भाषालाई केही परिमार्जन गरिएको छ)

४ जलाधिपको शिलालेख

पाटन दरबार सुवर्णझ्याल अगाडि ढल उत्खननको कार्य भइरहेको क्रममा जमिनको गर्भ भित्र एउटा शिलापत्र भेटिएको छ । यसलाई मिति २०७८ भाद्र २९ मंगलबारको दिन अवलोकन गरी पढिएको पाठ हो । यसमा ९ पंक्ति अभिलेखका अंकित लिपि प्राचीन नेवारी(नेपाल)को लिपि र भाषा संस्कृत छ । यसको शिरोभागमा दाँयाबाँया कमलको फूलबीचमा कमल आसनमाथि नाग अंकित छ । शिलापत्रको फेदको भाग खण्डित छ । यसको नाप लम्बाइ ४० सेमि र चौडाई ३२ सेमि छ ।

लिप्यान्तर पाठ

१. ॐ नमः श्रीजलाद्धिपते ।। स्वस्ति श्री नेपालिकाव्दे नयन न

२. व शरे शुद्ध आषाढ मासे द्वादस्यां प्र त्रयोदस्याम् अ

३. नुराढ णक्षत्रे शुभयोगे बृहस्पतिवासरे ।। तद्दिने

४. कूप प्रतिष्ठा कृते ।। यजमान श्री महाप्रतिहार कु

५. टुम्वज प्रधान गजानंद(गृहाप)तेश्वर श्री जोव

६. लक्ष्मी तस्य पुत्र श्री जय अमित(देव)वर्म्मन ः

७. स्याग्निी श्री रुपलक्ष्मी.......................पुत्र

८. पौत्रादि प्रत्ययान्ते ताव.....................

९. सम्वत् ५९२ ।   शुभ ।।

भाषान्तर अनुवाद

श्री जलदेवता(जलका अधिपति)लाई प्रणाम् नमस्कार ।

कल्याण होस् । नेपालसंवत्को वर्ष शव्दमा ५९२(तद्नुसार शक १३९३ र विसं १५२८) आषाढ महिना शुक्लपक्ष द्वादशी उप्रान्त त्रयोदशी तिथि लागेको अनुराधा नक्षत्र, शुभयोग, बृहस्पतिबार ।। यस दिन जलाश्रय कुवा प्रतिष्ठा कार्य गरियो ।

दाता यजमान श्री महाप्रतिहार कुटुम्बज प्रधान गजानंद गृहापतेश्वर तथा श्रीजोवलक्ष्मी उनीहरूका छोरा श्री जय अमितदेव वर्मा र उनका पत्नी श्री रुपलक्ष्मीले आफ्ना छोरानातिहरू सवैको कल्याण होस् भनी कामना गरी कीर्ति राख्ने कार्य भएको हो । ने.सं. अंकमा ५९२ । शुभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. मणिचैत्य

पाटन मंगलवजारका आठवटा मणिमा १ मणिगल दरबार, २मणिकेशव, ३मणिभीमसेन, ४ मणि गणेश ५मणि हिटी ६ मणिमण्डप ,७ मणि गुफा र ८.मणि चैत्य सर्वाधिक प्रसिद्ध छन् । ती आठ वटा मणि विभिन्न काल समयमा निर्माण भएको देखिन्छ । यी सवै मणि पाटन दरवारको अति महत्त्वपूर्ण भाग हुन् । हुनत मणि चैत्यको हालको स्वरुप हेर्दा कसैले पनि प्राचीन भन्दैनन् । तर यो मणि चैत्य पनि लिच्छविकालमा बनेको मानदेवकालीन चैत्य हो भन्नेमा जनविश्वास अविच्छिन्न रुपले कायम रहँदै आएको पाइन्छ । जहाँ निर हाल विहार चिन्ह अंकित शिलालेख भेटियो, जहाँको शिलाफलक लगेर राष्ट्रिय संग्रहालय छाउनीमा सुरक्षित राखिएको छ ,त्यो शिलाफलकमा अंकित लिपि मानदेवकालीन हुनु र अझै त्यो भन्दा अघिको हुनसक्ने संभावना छ । त्यस अभिलेखमा विहारशव्दको उल्लेख, कूप शव्दको उल्लेख भिक्षुसंघको उल्लेख आदि आएबाट त्यो ठाउमा विहार थियो भन्ने तथ्य अकाट्य सिद्ध छ । यही ठाउँमा भएको उत्खननमा जलाधिप कुवाको उल्लेख भएको पूर्वमध्यकालको शिलालेख भेटिएबाट त्यसबेलासम्म पनि यहाँ विहार थिए भन्ने कुराको पुष्टि गर्दछ । हाल मणिहिटि पछाडिको जुन चैत्य जसलाई मणिचैत्य भन्दै आएका छौ संभवतः जहाँनिर मानदेवकालीन लिपि भएको शिलाफलक थियो । मणि चैत्य पनि त्यही स्थापित रहेको हुनुपर्दछ र पछि अलि पर सारेको हुनुपर्दछ । यस आधारबाट भन्नु पर्दा यहाँको विहारलाई मणिविहार मान्न सकिन्छ र यही परिसरमा यो विहार अवस्थित थियो होला भन्न सकिन्छ ।

६. ललितपुरमा पाइएका लिच्छविकालीन शिलालेखहरू सूची

१.पाटन स्वथको मानदेवको संवत् ४११ को अभिलेख
२.वहालुखा त्रिलिंगेश्वरको संवत् ४३५ को अभिलेख
३.खपिंछेको वसन्तदेवको संवत् ४५२ को अभिलेख
४. मंगलवजार भारविको संवत् ४९२ को अभिलेख
५.शंखमूल सिकुवहीको संवत् ४९५ को अभिलेख
६.पाटन च्यासलको संवत् ५१५ को अभिलेख
७. पाटन भीमसेनथानको संवत् ५१६ को अभिलेख(यो अभिलेख अहिलेलोप भैसकेको अवस्था छ)
८.वुंगमतीको अंशुवर्माको संवत् २९(५२९) को अभिलेख
९.पाटन सुन्धाराको संवत् ३४(५३४) को अभिलेख
१०. पाटन भीमसेनमन्दिर अगाडि ढल्ल उतखनन हुने क्रममा भेटिएको सं ५३६ को अभिलेख
११.पाटन नवहिलको अंशुवर्माको अभिलेख
१२.पाटन चपटोल इलाननिको अभिलेख
१४.त्यागल गैरीधाराको अभिलेख
१५.पाटन मंगलवजारको अभिलेख
१६पाटन वहिलीटोलको अभिलेख
१७.पाटन मंगलवजार छिन्नमस्ताको अभिलेख
१८.पाटन यम्पीवही जलद्रोणीको अभिलेख
१९.भन्सारचोक नरेन्द्रदेवको संवत् ६७(५६७) को अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. पाटन गैरीधारा -पुरातत्व बगैंचाको अभिलेख
१९. पाटन वटुक भैरवको अभिलेख रा.सं
२१.च्यासल गणेश थानको संवत् ९५(५९५)को अभिलेख
२२. पाटन यागवहालको संवत् १०३(६०३) को अभिलेख
२३.मछिन्द्रवहालको वलरामको पादपीठको संवत् १०९(६०९)को अभिलेख
२४. च्यासलको नायहिटीको संवत् १३७(६३७) अभिलेख
२५.पाटन मीननाथको ढुंगेधाराको संवत्१४८(६४८) को अभिलेख
२६. पाटन मीननाथको ढुंगेधाराको जयदेवको अभिलेख
२७.पाटन कुम्भेश्वरको अभिलेख
२८.पाटन पुलचोक को अभिलेख
२९.वुंगमती विहारको अभिलेख
३० त्यागल चैत्यको अभिलेख
३१.गावहाल जलद्रोणीको अभिलेख
३२.मंगलवजार ढुंगेधाराको अभिलेख
३३.पाटन यंगवहालको संवत् १८०(६८०)को अभिलेख
३४.पाटन सुवहाल चैत्यको संवत् १८२ को अभिलेख
३५.पाटन सुवहाल जलद्रोणी को संवत् १८७ को अभिलेख
३६.पाटन मोतीटार लुभुको संवत् २५० को अभिलेख
३७. पाटन वहिलीटोलको अभिलेख
३८. पाटन गुइतवहीको संवत् ४६४ को अभिलेख
३९. पाटन गुइतवहीको अभिलेख
४०. पाटन हौगलमा घरको जगमा भेटिएको संवत् ५१६ को अभिलेख
४१.पाटन चक्रवहिलको अंशुवर्माको संवत् ५३१(३१)को अभिलेख
४२ पाटन चपटको अंशुवर्माको संवत् ५४०(४०) को अभिलेख
४३ पाटन मंगलवजार को अभिलेख
४४.पाटन मंगलवजारको जलद्रोणीको अभिलेख
४५.पाटन मंगलवजार मंगहिटी प्रागणको अभिलेख -हाल जमिनमा पुरिएको

लिच्छविसंवत् र अन्यसँग सम्वन्ध तालिका

लिच्छविकालमा दुईथरि संवत् चलेको पनि होइन भने शकसंवत् र मानदेवसंवत् पनि होइनन् । यो कुरा पाठकहरूले बुझ्न सहज होस् भनी तयार पारेको यो तालिका यस प्रकार छ । जस्तै :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविकालमा चलेको लिच्छवि संवत्(कार्तिकादि)	अभिलेख पाइएको स्थान	वास्तविक शक	तिथि महिना	शक,इसं,विसं
१०७ कार्तिक १०७ आश्वीन	मालिगाउँ	१०५ का.– १०६ आ	फाल्गुण शुक्ल	शक१०५इ.सं.१८४विसं२४०
३८१ कार्तिक ३८१ आश्वनि	पशुपति	३७९ का.–३८०आ.	वैशाख शुक्ल	शक३८०इसं४५८विसं५१५
३८६ कार्तिक ३८६ आश्वीन	चाँगुनारायण	३८४ का– ३८५ आ	ज्येष्ठ शुक्ल	शक३८५इसं४६३विसं५२०
३९८ कार्तिक ३९८ आश्वीन	विष्णुपादुकाफेदी	३९६ का – ३९७ आ.	प्रथमआषाढ शुक्ल	शक३९७इसं४७५विसं५३२
४०७ कार्तिक ४०७ आश्वीन	देउपाटन	४०५ का – ४०६ आ..	आषाढ शुक्ल	शक४०६इसं४८४विसं५४१
४११ कार्तिक ४११ आश्वीन	स्वथ पाटन	४०९ का. – ४१० आ.	ज्येष्ठ शुक्ल	शक४१०इसं४८८विसं५४५
४२७ कार्तिक ४२७ आश्वीन	चाँगुनारायण	४२५ का – ४२६ आ	कार्तिक शुक्ल	शक४२५इसं५०३विसं५६०
४२७ कार्तिक ४२७ आश्वीन	पशुपति सूर्यघाट	४२५ का – ४२६ आ	आषाढ शुक्ल	शक४२६इसं५०४विसं५६१
४३८कार्तिक ४३८ आश्वीन	स्वयम्भु	४३६ का.– ४३७ आ	फाल्गुण शुक्ल	शक४३६इसं५१४विसं५७१
४६४ कार्तिक ४६४ आश्वीन	गुइत पाटन	४६२ का. – ४६३ आ	मार्गशीर्ष शुक्ल	शक ४६२ इसं ५४०विसं ५९७
४९५ कार्तिक ४९५ आश्वीन	संखमोल पाटन	४९३ का. – ४९४ आ	महिना नखुलेको	
५१६ कार्तिक ५१६ आश्वीन	गोलमाढी भपु	५१४ का. – ५१५ आ.	ज्येष्ठ शुक्ल	शक५१५इसं५९३विसं६५०
५२६ कार्तिक ५२६ आश्वीन	धापासी	५२४ का. – ५२५ आ.	वैशाख शुक्ल	शक५२५इसं६०३विसं६६०
५२६ कार्तिक ५२६ आश्वीन	लेले	५२४ का. – ५२५ आ.	आश्वयुज शुक्ल	शक५२५इसं६०३विसं६६०
५२७ कार्तिक ५२७ आश्वीन	अभिलेख भेटिएको छैन	५२५ का. – ५२६ आ.		

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५२८ कार्तिक ५२८ आश्वीन	अभिलेख भेटिएको छैन	५२६ का. – ५२७ आ.		
५२९(२९)कार्तिक ५२९(२९)आश्वीन	बुंगमति	५२७ का. – ५२८ आ.	ज्येष्ठ शुक्ल	शक५२८,इसं६०६,विसं६६३
५३०(३०)कार्तिक ५३०(३०)आश्वीन	हाडीगाउ	५२८ का. – ५२९ आ.	ज्येष्ठ शुक्ल	शक५२९,इसं६०७,विसं६६४
५३१(३१)कार्तिक ५३१(३१)आश्वीन	चाँगुनारायण	५२९ का. – ५३० आ.	माघ शुक्ल	शक५२९इसं६०८'विसं६६४
५३२(३२)कार्तिक ५३२(३२)आश्वीन	साँगा	.५३० का. – ५३१ आ.	भाद्रपद शुक्ल	शक५३१इसं६०९विसं६६६
५३३(३३)कार्तिक ५३३(३३)आश्वीन	अभिलेख भेटिएको छैन	५३१ का. – ५३२ आ.		
५३४(३४)कार्तिक ५३४(३४)आश्वीन	सुनधारा पाटन	५३२ का.–५३३ आ.	प्रथम पौष शुक्ल	शक५३२इसं६१०,विसं६६७

५३५कार्तिक ५३५आश्वीन	ज्यावहाल जैसीदेवल	५३३ का.– ५३४ आ.	श्रावण शुक्ल	शक५३४,इसं६१२,विसं६६९
५३६ कार्तिक ५३६ आश्वीन	गोकर्ण वालुवागाउ	५३४ का. – ५३५ आ.	द्वितीय पौष शुक्ल	शक५३४इसं६१३'विसं६६९
५३६ कार्तिक ५३६ आश्वीन	भीमसेनमन्दिर पाटन	.५३४ का. – ५३५ आ	ज्येष्ठ शुक्ल	शक५३५इसं६१३,विसं ६७०
५३७(३७)कार्तिक ५३७(३७)आश्वीन	तिस्तुङ तौखेल	५३५ का. – ५३६ आ.	फाल्गुण शुक्ल	शक५३५इसं६१४विसं६७०
५३८(३८)कार्तिक ५३८(३८)आश्वीन	अभिलेख भेटिएको छैन	५३६ का. – ५३७ आ.		
५३९(३९)कार्तिक ५३९(३९)आश्वीन	देउपाटन	५३७ का. – ५३८ आ.	वैशाख शुक्ल	शक५३८,इसं६१६,विसं
५४०(४०)कार्तिक ५४०(४०)आश्वीन	चपट पाटन	५३८ का. – ५३९ आ.	आषाढ शुक्ल	शक५३९,इसं६१७,विसं६७४
५४४(४४)कार्तिक ५४४(४४) आश्वीन	भोयाहिटी टुंडिखेल	५४२ का. – ५४३ आ.	ज्येष्ठ शुक्ल	शक५४३,इसं६२१,विसं६७८
५६७(६७)कार्तिक ५६७(६७)आश्वीन	भन्सारचोक पाटन	५६५ का.– ५६६ आ.	पौष शुक्ल	शक५६५इसं६४४,विसं७००
५६७(६७)कार्तिक ५६७(६७)आश्वीन	यंगालहिटी	५६५ का. – ५६६ आ.	भाद्रपद शुक्ल	शक५६६इसं६४४,विसं७०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६०३)१०३)कार्तिक ६०३(१०३)आश्वीन	यागवहाल पाटन	६०१ का. –६०२ आ.	ज्येष्ठ शुक्ल	शक ६०२, इसं ६८०, विसं ७३७

६०३(१०३)कार्तिक ६०३(१०३)आश्वीन	वज्रघर पशुपति	६०१ का. – ६०२ आ.	ज्येष्ठ शुक्ल	शक ६०२, इसं ६८०, विसं ७३७
८०१(३०१)कार्तिक ८०१३०१)आश्वीन	सहोत्तरतन्त्र पुष्पिका	७९९ का. – ८०० आ.	वैशाख शुक्ल	शक ८००, इस ८७८, विसं ९३५
८०३(३०३) नेसं १ कार्तिक ८०३(३०३) नेसं १ आश्वीन	नेपालसंवत्को रुपमा नयाँ संवत् थालनी	८०१ का. – ८०२ आ.	कार्तिक शुक्ल	शक ८०१, इसं ८७९ विसं ९३६ देखि शक ८०२, इसं ८८०, विसं ९३७ सम्म

नोटः–पौष शुक्लदेखि फागुन कृष्ण पक्षसम्म शकमा ७९ जोड गर्नुपर्ने हुन्छ । किनकि इस्वीसन् फेरिसक्ने तर शक फेर्न बाँकी भएकोले यी तीन महिना बाहेकमा शकमा ७८ जोड्ने गरिन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राणाशासनकालमा भएका शिलापत्र सम्बन्धीकार्य

- रमेशजङ्ग सिजापति*

शिला - पत्थर ढुङ्गो । पत्र - ना. शिला लेख । ले - ना. चिर स्थायित्वका निम्ति शिलामा कुंदिएको कुनै विशेष विषयको प्रचार प्रमाण आदि हुने लेख वा स्मारिका भनेर नेपाल बृहत शब्द कोशमा भनिएको छ । राणाकालीन कुमारी चोकका अभिलेखहरू राष्ट्रिय अभिलेखालयमा संरक्षित रहेका अध्ययन अनुसन्धान गर्ने क्रममा राणा शासक श्री ३ चन्द्र सम्शेर ज.ब.राणाको समयमा ठाउँ ठाउँमा शिला पत्र उतार्ने कामको आरम्भ गरिएको कुरा वि.सं. १९६४ सालको निजामती फुटकरबाट पुष्टि हुन्छ । यस कार्य सुब्बा विष्णुप्रसाद मार्फत नै सन्दा कुबेर रत्न गुभाजु पोखलड्याङ र नौसिन्दा मान रत्न गुभाजु नरदेवीबाट भएको देखिन्छ । यी नै गुभाजु द्वयले नै सो कार्यलाई सम्वत १९६८ साल सम्म निरन्तरता एिको कुरा खड्ग निसानाको नकले किताप १०/१९८। नं. ८७१/पेज ३०, नं. २५५ निजामती पहिला/सम्वत १९६५ साल/पेज १९६, खड्ग निसाना पुर्जीको नक्कले किताव १०/१९९/नं. १२३/पेज २३ निजामती पहिला सि.नं. २७५ सम्वत १९६७ साल र नं. २८६(क) निजामती पहिला सम्वत १९६८ साल पेज १०१ बाट पुष्टि हुन्छ ।

यसैगरी पुस्तक खाना मार्फत वि.सं. १९७९ साल देखि शिला पत्र तामा पत्रको नक्कल सारी पठाउने कामकाज गराएको देखिन्छ । यो काम काजमा पंडित गुणनाथ पाध्या भटराई र नौसिन्दा कुल् बहादुर डंगोल लागेको देखिन्छ । यो काम काज वि.सं. १९८८ साल सम्म रहेको देखिन्छ । निजामती किताबहरू १९७९-१९८८ सम्मका आधारमा । प्रस्तुत अनुसन्धानात्मक लेख राणाकालमा भएका शिलाप सम्बन्धी काम शीर्षकको लेखको मुख्य उद्देश्य राणाकालमा शिलापत्रको काम काजको ऐतिहासिक पक्ष देखाउनु हो । साथै यस कामको परम्परा देखाएर भविष्यमा अध्ययन, अनुसन्धान गर्ने शोधार्थी विद्वान विदुषीलाई सहयोग पुगोस् भन्ने नै हो ।

नौसिन्दा द्वय कुबेर रत्न गुभाजु - पोखल्ड्याङ र मान रत्न गुभाजु नरदेवीले कलकत्ता गएर शिलापत्रको काम सिकेर आई वि.स. १९६४ साल चैत्र महिना देखि काम गरी अन्दाजी उतार्नु पर्ने शिलापत्र २००० दुई हजार मध्ये ४०० चार सय तयार गरेको बाँकी उतार्नु पर्ने थान १६०० सोह्र सय रहेको हुँदा १ वर्ष म्याद थप गरेको देखिन्छ । पुस्तक खाना मार्फत नेपालमा भएका १०० एक सय वर्ष देखि माथिको शिलापत्र १००० एक हजारको २ प्रति २००० दुई हजार छापामा तयार गर्नालाई १ वर्षको म्याद थप गरिएको देखिन्छ ।

त्यसैगरी काठमाडौं, पाटन, भादगाउँ, पनौती, खोपासी र साँगा समेत पठाई छापा गराउँदा शिलापत्र ९०० को २ प्रति १८०० छापा तयार गरेको देखिन्छ । ४ भञ्ज्याङ भित्र बाहिर १० वर्ष उधोको शिलापत्र २ प्रति छापा तयार गर्नु भन्य सनद बमोजिम मसलन्दको निकास नभए पनि आफ्नो

*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

घर घरानाबाट खर्च लगाई पानी छापा गरी नजर गराउँदा दुरुस्त न भै कारीन्दा कलकत्ता बसीकन भने भए बमोजिम कलकत्ता पठाई सिके आएपछि २ प्रति शिलापत्र थान १८०० सय तयार भएको र मसलन्द भुक्तान भएको देखिन्छ ।

प्राप्त अभिलेखको अध्ययनबाट शिलापत्रको खोजी खबरी गर्ने र उतार्ने काम काज वि.सं. १९६४ साल देखि गर्न थालेको देखिन्छ । यस काम काज गर्ने तौर तरिका सिक्न तालिमको लागि कलकत्तामा नौसिन्दा मान रत्न गुभाजु र नौसिन्दा कुबेर मान गुभाजुलाई पठाएको देखिन्छ । औपचारिक रुपमा शिलालेखको बारेमा अध्ययन अनुसन्धान गर्ने गराउने कार्य पनि त्यसै समय देखि शुरु गरेको देखिन्छ । त्यस समयमा काठमाडौं उपत्यका लगायत बनेपा, पनौती, खोपासी, साँगा भित्र बाहिरका शिलापत्रहरू खोजी खबरी गरिसकेको पुष्टि प्राप्त अभिलेखबाट हुन्छ । प्रस्तुत राणाकालमा भएका शिलापत्र सम्बन्धीका शीर्षक लेखनको क्रममा मूल सामाग्रीको रुपमा लिएका अभिलेखका उतारहरू परिशिष्टमा १-८ राखिएको छ । राख्नुको उद्देश्य यस सम्बन्धी अध्ययन अनुसन्धान गर्नेका लागि सहज होस् भन्ने नै हो ।

परिशिष्ट १ - ८ सम्म

१. ६४ साल कार्तिक १ गते ५ का षड्ग नीसाना सनद बमोजीम ठाउ ठाउका सीला पत्र उतार्ने कामलाई पुस्तक षानाका वर्ष १ म्यादलाई थप ६४ साल भाद्र ३० गते दर्शन गर्ने आसीन १ गते देषी ६५ साल भाद्र मसान्त तक वर्ष १ म्याद सम्म लाई वीष्णु प्रसाद मार्फत तलव षाने २ के मोरु २८८/नौसन्दा कुबेर रत्न गुभाजु - पोषलड्यां १ के मैन्हा १ के रु. १२ ले १४४, नौसन्दा मान

रत्न गुभाजु - नरदेवी १ के मैन्हा १ के रु. १२ ले १४४

सि.नं. २४७ निजामती फुटकर/सम्वत १९६४ साल

२. ठाउ ठाउ का सीलापत्र उत्तार्ने काम के ६४ साल आसीन देषी ६४ साल भाद्र मसानत तक वर्ष १ म्याद सम्म तलव षाने

नौसन्दा -	कुबेर रत्न गुभाजु	पोषल्डे	१ - १२ - १४४ थ
ऐ -	मानरत्न	नरदेवी	१ - १२ - १४४ थ
			२ २८८

६५ साल आसीनको षड्ग नीसाना सनद बमोजिम आसीन १ गते देखी

नं. २५५ निजामती पहिला/सम्वत १९६५ साल/पेज १९६

